सशस्त्र प्रहरी राष्ट्रिय गौरवको प्रतीक : गृहमन्त्री लेखक — पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक २३८ • २०८१ साल माघ १० गते बिहीबार (23 January, Thursday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## जसपा नेपालद्वारा सदन अवरुद्ध, कारबाहीको माग



**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी नेपालले प्रदेशसभा अवरुद्ध गर्दै प्रदेशसभा सदस्य सहिदा खातुन र उनको परिवारमाथि कुटपिट गर्नेहरुमाथि कारबाहीको माग गरेको छ।

सदन शुरु हुनु अघि नै जसपा नेपालका सभासदहरुले आफ्नो ठाउँबाट उठेर विरोध गर्दै खातुनमाथि कुटपिट गर्नेलाई कारबाही गर्न माग गरेका थिए। प्रदेशसभा सदस्य किरण कुमारीले सभासद खातुनमाथि कुटपिट भएको एक महिना एक दिन बितिसक्दा पनि घटनामा संलग्नहरुमाथि कारबाही नभएको भन्दै सदनको कामकारबाही अगाडि नबढाउन सभामुखसँग आग्रह गरेकी थिइन्।

उनले भनिन्, 'पुस ८ गते घरमै सुनियोजित तरिकाले केही आपराधिक व्यक्तिहरुबाट सभासद सहिदा खातुन, उनका श्रीमान र छोरासमेतलाई ज्यान लिनेगरी कुटपिट गरिएको थियो । प्रदेश सरकारको उपस्थिति अहिलेसम्म देखिएन । अहिलेसम्म न सरकार न त प्रदेशसभाले न्यायका लागि पहल गरेको छ । माननीय सहिदाले न्याय पाउनुपर्छ कि पर्दैन ?'

उनलेमाननीयमाथि आक्रमण भएको घटनामा डीआईजीसमेत संवेदनशील नभएको बताइन् । ज्यान मार्ने उद्देश्यले आक्रमण गरिएको घटनामा सिरहा प्रहरीले अभद्र व्यवहार मुद्दा दर्ता गरेकोमा उनले आपत्ति व्यक्त गरिन्।

जसपा नेपालका सभासदहरुले उभिएर सदन अवरुद्ध गरेपछि सभामुख रामचन्द्र मण्डलले गृह, कानुन तथा सञ्चारमन्त्रीले जवाफ दिने र सिरहा प्रहरीसँग समन्वय गरी कारबाहीका लागि पहल गर्ने आश्वासन दिएका थिए।

गृह कानुन तथा सञ्चारमन्त्री राजकुमार लेखीले सभासद खातुन कुटिएको घटना रकम लेनदेनको विवाद रहेको बताए।

उनले भने, 'घटनामा संलग्न रहेको आरोपमा ५ जनालाई दुई सातासम्म थुनामा राखेर सिरहा प्रहरीले अनुसन्धान गरेको जानकारी प्राप्त भएको छ। त्यसपछि माननीयज्यू स्वयं घटनामा संलग्न रहेका भिडिओहरु पनि भाइरल भयो। त्यसपछि स्थिति बिग्रिन सक्छ भनेर प्रहरीले दुवै पक्षलाई राखेर सहमतिको प्रयास गरेको जानकारी आफूलाई प्राप्त भएको छ।'

उनले यस घटनाबारे एसपीले छानबिन गरी कारबाही प्रक्रिया अघि बढाएको जानकारी पनि दिए।

### मधेशमा कामकाजी पाँच भाषाको प्रस्ताव

# सात वर्षपछि प्रदेशको कामकाजी भाषा खोज्दै प्रदेश सरकार

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकार गठन भएको करिब सात वर्षपछि प्रदेशको कामकाजको भाषा निर्धारण गर्न प्रदेशसभामा विधेयक प्रस्तुत गरिएको छ।

शिक्षा तथा संस्कृति मन्त्री रानी कुमारी तिवारीले प्रदेशको सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१ प्रदेशसभामा बुधबार पेश गरेकी छन्।

प्रदेश सरकारले नेपाली भाषाका अतिरिक्त मैथिली, भोजपुरी, बज्जिका, हिन्दी र अंग्रेजीलाई कामकाजी भाषाको रुपमा अगाडि बढाएको छ।

प्रदेश सरकारले प्रदेश भित्रका सरकारी निकाय, सार्वजनिक संस्थान तथा प्रतिष्ठानलगायतका सरकारी कार्यालयहरुमा यी भाषाहरुलाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गराउने व्यवस्था गरेको छ।

प्रदेशको आफ्नो भाषा नहुँदा अहिलेसम्म सरकारी कामकाजको भाषाका रुपमा नेपाली भाषा मात्र रहेको छ। प्रदेश सरकारले प्रदेशको राजपत्र प्रकाशन गर्दा देवनागरी लिपिमा लेखिने नेपाली भाषाका अतिरिक्त मैथिली, भोजपुरी, बज्जिका, हिन्दी र अग्रेजी भाषामा पनि प्रकाशन गर्न सकिने व्यवस्था गरिएको विधेयकमा उल्लेख गरिएको छ।

सरकारी तथा सार्वजनिक निकायको कार्यक्षेत्र तथा संगठित संस्था, समुदाय र सार्वजनिक संस्थानमा नेपाली भाषाका




अतिरिक्त कुनै पनि सरकारी कामकाजको भाषाहरुको प्रयोग गर्न निषेध गरेको खण्डमा सार्वजनिक पद धारणा गरेको व्यक्ति पदाधिकारीलाई दश हजार रुपैयाँदेखि २५ हजार रुपैयाँसम्म जरिवाना गर्न सक्ने विधेयकमा व्यवस्था गरिएको छ।

तर प्रदेश सरकारले पेश गरेको विधेयकमा प्रदेशमा बहुसंख्यक प्रदेशवासीले मैथिली, भोजपुरी र बज्जिका भाषा बोल्ने गरेका छन्। तर प्रदेश सरकारले हिन्दी र अंग्रेजीले मान्यता पाउनेमा आशंका गरिएको छ। बढीमा तीन भाषा तोकेकाले प्रदेशमा सबैभन्दा बढी बोलिने मैथिली भाषीको संख्या ४१.७३ प्रतिशत, भोजपुरी भाषीको संख्या १८.८१ प्रतिशत तथा बज्जिकाको संख्या १८.४४ प्रतिशत रहेको राष्ट्रिय जनगणनाको तथ्यांकले देखाएको छ। हिन्दी तथा अंग्रेजी भाषीको संख्या निक्कै न्यून रहेको भाषा आयोगले जनाएको छ।

## मन्त्री लेखीको आपत्ति

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको भाषा छनोटका लागि पाँच भाषाको प्रस्ताव सदनमा गरिएकोमा गृह, कानुन तथा सञ्चारमन्त्री राजकुमारी लेखीले थारू भाषालाई बेवास्ता गरी विधेयक ल्याएकोमा आपत्ति जनाएका छन्।



मन्त्री लेखीले आफूले मन्त्रिपरिषद्को बैठकमा पटक-पटक रातो कलमले घेरा गरेर थारू भाषा राख्ने आग्रह गरेको स्मरण गर्दै भने, 'मन्त्रिपरिषद्को बैठकमा पटक-पटक रातो कलमले घेरा गरेर थारू भाषा राख्ने आग्रह गर्दा पनि संस्कृति मन्त्रीज्यूले नदेखे भैँ गरेर थारू भाषालाई झिकेर विधेयक पेश गरिदिनु भयो ।' सरकारी कामकाजको भाषाबारेको विधेयकमा अब संशोधन दर्ता गर्ने उनले बताए।







# मुनाफा आर्जनलाई निरन्तरता दिँदै राष्ट्रिय वाणिज्य बैंक

काठमाण्डु। राष्ट्रिय वाणिज्य बैंकले चालु आर्थिक वर्षदेखि कृषि क्षेत्रमा कर्जा लगानी वृद्धि गरी आन्तरिक उत्पादन बढाउन तथा प्रत्येक प्रदेशको विशिष्ट उत्पादनलाई प्रवर्द्धन गर्ने भएको छ । यसका लागि क्रमशः 'किसानसँग राष्ट्रिय वाणिज्य बैंक' र 'एक प्रदेश एक विशेष' कर्जा कार्यक्रम लागु गर्न सुरुआत गरेको छ।

वित्तीय सुधार कार्यक्रम कार्यान्वयनमा आएपछि निरन्तर मुनाफा हासिल गर्न सफल भएको बैंकद्वारा आज यहाँ जारी विज्ञप्तिमा सो जनाइएको छ । बैंकको सञ्चालनगत एवम् व्यवस्थापकीय कार्यदक्षतालाई वार्षिकरूपमा आर्जन हुने मुनाफाले प्रतिविम्बित गर्दछ। विसं २०५८ मा लागू भएको वित्तीय क्षेत्र सुधार कार्यक्रमपश्चात् प्रमुख परिसूचकहरूमा बैंकले उल्लेख्य सुधार गर्दै आइरहेको विज्ञप्तिमा उल्लेख छ।




राष्ट्रिय वाणिज्य बैंक लि विसं २०२२ माघ १० गते स्थापना भएको बैंक साविक राष्ट्रिय वाणिज्य बैंक ऐन, २०२१ अन्तर्गत स्थापना भई बैंकसम्बन्धी कानुनी व्यवस्थामा परिवर्तन भएसँगै वाणिज्य बैंक ऐन, २०३१ र कम्पनी ऐन, २०६३ अनुसार विसं २०६३ वैशाख ६ गते पब्लिक कम्पनीका रूपमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ अनुसार नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त यस बैंकले वित्तीय संस्थाका रूपमा बैंकिङ कारोबार गर्दै आएको छ।

गत आव २०८०/८१ मा रु दुई अर्ब ५५ करोड खुद मुनाफा आर्जन गरेको बैंकले जनाएको छ। बैंकले आव २०७५/७६ देखि नै बैंकिङ क्षेत्रमा उल्लेखनीय मुनाफा आर्जन गर्दै मुनाफा आर्जनलाई निरन्तरता दिएको छ । आर्जित मुनाफाबाट आव २०७५/७६ मा १२.० प्रतिशत नगद लाभांश, आव २०७६/७७ मा ४.५० प्रतिशत (२ प्रतिशत बोनस सेयर र २.५० प्रतिशत नगद लाभांश), आव २०७७/७८ मा ३३.० प्रतिशत (३० प्रतिशत बोनस सेयर र ३ प्रतिशत नगद लाभांश), आव २०७८/ ७९ मा १२.५० प्रतिशत (५.० बोनस सेयर र ७.५० प्रतिशत नगद लाभांश) र आव २०७९/८० मा ५.५० प्रतिशत नगद लाभांश वितरण गर्दै शेयरधनीलाई समेत प्रतिफल दिन सफल भएको बैंकले जनाएको छ।

विज्ञप्तिका अनुसार २०८१ असार मसान्तमा बैंकको अधिकृत सेयर पुँजी रु ३० अर्ब, जारी र चुक्ता सेयर पुँजी रु. १५ अर्ब ६३ करोड ७३ लाख ७७ हजार ५५ रहेको छ।

बैंकको विद्यमान पुँजी संरचनाअनुसार नेपाल सरकारको ९९.९७ प्रतिशत र सर्वसाधारणको ०.०३ प्रतिशत सेयर स्वामित्व रहेको छ । व्यवसाय विस्तारको परिणामस्वरूप हासिल गरिएको मुनाफाको बाँडफाँट तथा सम्पत्तिको पुनःमूल्याङ्कनबाट कोषहरूको वृद्धिसँगै २०८१ असार मसान्तमा बैंकको पुँजी कोष रु ५२ अर्ब चार करोड पुगेको बैंकले जनाएको छ।

निक्षेपको आयतन नै बैंकउपर निक्षेपकर्ताले गरेको विश्वासको प्रतिविम्ब भएको विज्ञप्तिमा उल्लेख छ।

बैंकले सर्वसाधारण तथा संस्थागत गरी करिब ४५ लाख ५० हजारभन्दा बढी निक्षेपकर्ताहरूबाट आव २०८१/८२ को पुस मसान्तसम्ममा रु चार खर्ब ४७ अर्ब ३२ करोड निक्षेप परिचालन गरेको छ।

बैंकले समाजका हरेक वर्गका सर्वसाधारण तथा उद्यमी व्यवसायीसम्म वित्तीय सेवा पुर्‍याउने हेतुले राष्ट्रव्यापी शाखा सञ्जालद्वारा भौतिक एवम् डिजिटल प्रविधिमार्फत विभिन्न वर्ग, पेसा, व्यवसाय, लिङ्ग आदि लक्षित आकर्षक र नवीनतम बैंकिङ सेवा प्रवाह गर्दै आइरहेको छ।

**सरकारको प्रमुख सहयात्री**

सङ्घीय सरकारका कूल ८१ कोष तथा लेखानियन्त्रक कार्यालयमध्ये ५०, प्रदेश सरकारका ७७ मध्ये ५१, एक सय २८ स्थानीय तहको सम्पूर्ण खर्च भुक्तानी तथा सरकारी कारोबार यसै बैंकमार्फत हुने गरेको जनाएको छ। यस्तै बैंकले राजस्व सङ्कलन गर्ने प्रयोजनका लागि शाखा तथा विस्तारित काउन्टरका साथै अन्य सबै शाखा सञ्जालमार्फत सरकारको राजस्व सङ्कलन कार्यमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको छ । समग्रमा, नेपालको कूल सरकारी कारोबारको आधाभन्दा बढी हिस्सा यसै बैंकमार्फत हुँदै आएको छ।

सरकारका निजामती, सेना, प्रहरी, शिक्षकलगायतका सेवाबाट सेवानिवृत्त एक लाख ६० हजारभन्दा बढी व्यक्तिहरूको निवृत्तिभरण भुक्तानी गर्ने सो बैंकको निवृत्तिभरण भुक्तानीमा ६० प्रतिशतभन्दा बढी हिस्सा रहेको विज्ञप्तिमा उल्लेख छ । समयानुकूल प्रविधिमैत्री प्रणालीमार्फत कारोबार गर्दै जाने नेपाल सरकारको योजनामा हातेमालो गर्दै बैंकले आफ्नो बैंकिङ प्रणालीलाई सोहीअनुरूप परिमार्जन गर्दै लगेको छ । साथै सरकारबाट वितरण गरिने सामाजिक सुरक्षा भत्ताको भुक्तानीसम्बन्धी अधिकांश कारोबार यसै बैंकमार्फत हुने गरेको छ।

पञ्चवर्षीय राणनीतिक योजना २०२०-२०२५ तयार गरी कार्यान्वयनमा ल्याइसकेको बैंकले आर्जन गरेको नाफाबाट प्रचलित कानुनबमोजिम सरकारलाई आयकर भुक्तानी गर्नुका साथै ब्याज कर तथा स्रोतमा करकट्टीलगायतका कार्य गरी सरकारको राजस्व सङ्कलनमा उल्लेख्य योगदान गर्दै आएको छ। आयकरबापत सरकारलाई गत आव २०८०/८१ मा रु एक अर्ब ७५ करोड, आव २०७९/८० मा रु दुई अर्ब १८ करोड, आव २०७८/७९ मा रु एक अर्ब ७९ करोड ४० लाख दाखिला गरेको छ भने आव २०७४ / ७५ मा बैंक तथा वित्तीय संस्था तथा विप्रेषण कारोबार गर्ने संस्थामध्येमा सबैभन्दा बढी आयकर दाखिला गरेबापत आठौँ राष्ट्रिय कर दिवस २०७६ का अवसरमा सरकारबाट सम्मानप्राप्त गरेको छ।

> सातवटै प्रदेशका ७७ जिल्ला सदरमुकामसहित दुई सय ९४ शाखा कार्यालय, ६४ एक्सटेन्सन काउन्टर तथा ९५ शाखारहित बैंकिङ एकाइमार्फत बैंकले आधुनिक बैंकिङ सेवा प्रवाह गर्दै आइरहेको विज्ञप्तिमा उल्लेख छ ।

सातवटै प्रदेशका ७७ जिल्ला सदरमुकामसहित दुई सय ९४ शाखा कार्यालय, ६४ एक्सटेन्सन काउन्टर तथा ९५ शाखारहित बैंकिङ एकाइमार्फत बैंकले आधुनिक बैंकिङ सेवा प्रवाह गर्दै आइरहेको विज्ञप्तिमा उल्लेख छ।

सङ्घीय संरचनाअनुरूप सातै प्रदेशमा प्रादेशिक कार्यालयमार्फत ग्राहक सेवालाई छिटो र प्रभावकारी बनाइएको छ । व्यावसायिक सम्भाव्यताका आधारमा शाखा विस्तार गर्ने नीतिअनुरूप चालु आवसम्ममा शाखा सङ्ख्या ३३० पुर्‍याउने लक्ष्य रहेको बैकले जनाएको छ।

ग्राहक, विभिन्न तहका सरकार, नियामक निकाय तथा सर्वसाधारणको सहयोग तथा भरोसाका कारण यो बैंक ठूलो शाखा सञ्जालसहित अग्रणी वाणिज्य बैंकका रूपमा सञ्चालित छ।

**रोजगारी सिर्जनामा योगदान**

प्रत्यक्षरूपमा करिब तीन हजार जनशक्तिलाई रोजगारी प्रदान गरेको यस बैंकले स्थापनाकालदेखि नै बैंकका लागि आवश्यक जनशक्ति परिपूर्तिमार्फत रोजगारी सिर्जना गर्दै आएको छ। बैंकले प्रवाह गरेको कर्जामार्फत राष्ट्रिय उत्पादनको वृद्धि तथा बढ्दो आर्थिक गतिविधिको परिणामस्वरूप अप्रत्यक्षरूपमा रोजगारी सिर्जना हुन गई गरिबी निवारणमा समेत सकारात्मक योगदान गरेको बैंकले जनाएको छ।

बैंकले लघु, साना, कृषि तथा सहुलियतपूर्ण कर्जा लगानीमार्फत ऋणी तथा निजका परिवारलाई स्वरोजगार बनाउँदै लगेको छ।

चालु आवको कार्यक्रममा स्थानीय सीपको प्रयोगमार्फत ग्रामीण अर्थतन्त्रको विकास, रोजगारी सिर्जना तथा स्थानीय जीवनस्तर सुधारका लागि 'ग्रामीण जीवनमा सुधार, एसएमई कर्जाको विस्तार' कार्यक्रम तय गरी कार्य प्रारम्भसमेत गरिसकेको जनाइएको छ।

बैंकले स्थापनाको सुरुआतदेखि लामो समयसम्म हस्तलिखित खाता प्रणालीबाट कारोबारको हिसाबकिताब राख्दै आएकोमा विसं २०६० देखि आरबिबी एसवाइएस बाट कारोबारलाई कम्प्युटर प्रणालीमार्फत अटोमेसन गर्ने कार्य सुरु गरेको र हालको कारोबार प्रणालीलाईसमेत समयसापेक्ष सुधार गर्न आइटी इन्हासमेन्ट रोडम्याप तयार गरी सोको कार्यान्वयनमार्फत कारोबार प्रणालीको स्तरवृद्धि गर्ने चरणमा रहेको छ।

प्रविधिमा आधारित अत्याधुनिक वित्तीय सेवा विस्तारलाई प्राथमिकता दिई मौजुदा प्राविधिक पूर्वाधारको स्तरोन्नतिका लागि बैंकले योजनाबद्ध रूपमा लगानी वृद्धि गर्दै आएको बैकले जनाएको छ। आव २०७९/८० र आव २०८०/८१ मा समेत बैंक तथा वित्तीय संस्थामध्ये सबैभन्दा बढी डिजिटल कारोबार( सरकारी कारोबार समेत) गरेबापत नेपाल क्लियरिङ हाउसबाट प्रोत्साहन प्राप्त गरिरहेको छ।

बैंकले समाजप्रतिको बृहत्तर उत्तरदायित्व निर्वाह गर्ने क्रममा दैवी तथा प्राकृतिक प्रकोप पीडितलाई आर्थिक सहायता, देशको सांस्कृतिक, ऐतिहासिक, सामाजिक तथा वातावरण सम्वर्द्धन तथा संरक्षण, वित्तीय साक्षरता कार्यक्रम, शैक्षिक स्तरवृद्धिका लागि विद्यालयहरूलाई शैक्षिक सामग्री वितरण, रक्तदान कार्यक्रम, सामाजिक संस्था/पार्क व्यवस्थापन कार्यमा सहकार्य, स्थानीय निकाय, क्लब तथा सामाजिक संस्थासँगको सहकार्यमा अन्य सामाजिक कार्यमा उल्लेखनीय आर्थिक सहयोग पुर्‍याउँदै आएको छ। यसै वर्ष असोज महिनामा आएको बाढीबाट प्रभावितलाई राहत तथा उद्धारका लागि बैंकले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु दुई करोड रकम सहयोग गरेको विज्ञप्तिमा उल्लेख छ।

सरकारको नीति तथा कार्यक्रमबमोजिम राष्ट्रिय अर्थतन्त्र विकासका लागि कृषि, जलविद्युत्, पर्यटन, स्वास्थ्य, शिक्षालगायतका क्षेत्रको विकास र प्रवर्द्धनका लागि पुँजी उपलब्ध गराउने, आन्तरिक उत्पादन वृद्धि तथा रोजगारी सिर्जनाका लागि महिला उद्यमशील कर्जा, व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा, शिक्षित युवा स्वरोजगार कर्जालगायतका विभिन्न प्रकारका सहुलियतपूर्ण कर्जा तथा आफ्नो व्यावसायिक लक्ष्य प्राप्तिका लागि अर्थतन्त्रका सबै पक्षलाई समेट्ने गरी व्यावसायिक/परियोजनाकर्जातथा उपभोक्ता कर्जा योजनाहरूमार्फत २०८१ पौष मसान्तसम्ममा दुई लाखभन्दा बढी ग्राहकलाई रु दुई खर्ब ७९ अर्ब ५७ करोड कर्जा लगानी गरेको विज्ञप्तिमा उल्लेख छ।

बैंकको निष्क्रिय कर्जा विगत वर्षहरूदेखि क्रमिकरूपमा घट्दै गइरहेकोमा हाल बैंकिङ प्रणालीमा नै निष्क्रिय कर्जाको अनुपात वृद्धि भइरहेको अवस्थामा २०८१ असार मसान्तमा बैंकको निष्क्रिय कर्जा अनुपात ४.२८ प्रतिशत बिन्दुमा रहेको बैकले जनाएको छ।

विज्ञप्तिमा वित्तीय बजारमा प्रतिस्पर्धी रहिरहन बैंकले पुँजी आधार तथा व्यावसायिक क्षमता विस्तार, बैंकिङ सेवाको गुणस्तरमा वृद्धि, आवश्यक नीति नियमको तर्जुमा, सूचना प्रविधि प्रणालीलाई समयसापेक्ष सुदृढीकरण, बैंकिङ तथा गैरबैंकिङ सम्पत्तिको प्रभावकारी व्यवस्थापन, डिजिटल तथा भौतिक माध्यममार्फत वित्तीय सेवा पहुँचमा विस्तार, सरल तथा समयसापेक्ष कार्यप्रक्रिया निर्माण, कर्मचारीको कार्यदक्षता अभिवृद्धि, रेमिट्यान्स कारोबारमा बैंकको हिस्सा वृद्धि, सरकार तथा नियामक निकायका नीति नियमको पूर्णपालना गरी सरल, पारदर्शी, प्रतिस्पर्धी तथा ग्राहकमैत्री बैंकिङ सेवा प्रदान गर्ने योजनाका साथ अघि बढिरहेको उल्लेख छ।रासस

# चिसोले महोत्तरीमा श्वासप्रश्वासका बिरामी बढे

महोत्तरी। निरन्तरको चिसोले महोत्तरीमा श्वासप्रश्वासका बिरामी बढेका छन् । जिल्लाका सबै भेगमा बिरामी बढेका स्थानीय अस्पतालले जनाएका छन्।

सदरमुकाम जलेश्वरस्थित प्रादेशिक अस्पतालमा बिरामीको चाप बढेको छ।

बितेका सात दिनमा दैनिक एक सयभन्दा बढी बिरामी उपचारका लागि आइरहेका अस्पतालतका मेडिकल सुपरिटेन्डेन्ट डा विकासकुमार साहले बताउनुभयो।




चिसोले दमका बिरामी बढेका उहाँले बताउनुभयो । उपचारार्थ आउने बिरामीमा पाँच वर्षमुनिका बालबालिका र ६० वर्षमाथि उमेरका बढी छन्।

बर्दिबास अस्पतालमा पनि बिरामी बढेका छन्। माघ लागेसँगै दैनिक एक सय १० देखि एक सय २५ जनासम्म बिरामी आउने गरेका बर्दिबास अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा सुदीपकुमार ठाकुरले जानकारी दिनुभयो।

यहाँ उपचारार्थ आउनेमा महिलाको सङ्ख्या बढी रहेको डा ठाकुरले बताउनुभयो।

जिल्लाका गौशाला र दक्षिणवर्ती सम्सीस्थित प्राथमिक उपचार केन्द्रमा पनि बिरामीको चाप बढेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख तथा वरिष्ठ स्वास्थ्य प्रशासक नवलकिशोर साहले जानकारी दिनुभयो।रासस

# पेरिस सम्झौताबाट बाहिरिने राष्ट्रपति ट्रम्पको घोषणाले जलवायु वित्त कार्यान्वयनमा चुनौती



काठमाण्डु। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प सोमबार शपथ लिएसँगै दोस्रो कार्यकालका लागि ह्वाइट हाउस प्रवेश गर्नुभएको छ। यसअघि सन् २०१७ देखि सन् २०२१ सम्म अमेरिकी राष्ट्रपति बन्नुभएका ट्रम्प गत नोभेम्बरमा अमेरिकाको ४७औँ राष्ट्रपतिमा निर्वाचित हुनुभएको थियो।

अघिल्लो कार्यकालमा पेरिस सम्झौताबाट अलग हुने घोषणा गर्नुभएको ट्रम्पले दोस्रो कार्यकालमा शपथसँगै पुनः पेरिस सम्झौताबाट बाहिरिने घोषणा गर्नुभएको छ।

उहाँको उक्त घोषणापछि सरोकारवालाले चिन्ता व्यक्त गरेका छन्।

वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन माहाशाखा प्रमुख डा महेश्वर ढकालले पेरिस सम्झौताबाट अमेरिका बाहिरियो भने त्यो अन्य मुलुकका लागि राम्रो नहुने बताउनुहुन्छ। "अमेरिका जस्तो धनी र शक्तिशाली मुलुक बाहिरिनु राम्रो होइन, यसको असर अन्तर्राष्ट्रिय समुदायमा पनि पर्छ", उहाँले भन्नुभयो, "अमेरिका पेरिस सम्झौताबाट बाहिरिए पनि हामी जलवायु परिवर्तनका मुद्दा छाड्दैन, हामीले दुईपक्षीय सम्बन्धका आधारमा सहयोग ल्याउन सक्नुपर्छ।"

जलवायुविद् राजु पण्डित क्षेत्रीले अमेरिका जस्तो मुलुक नै जलवायुजन्य सङ्कट न्यूनीकरणका लागि भएको पेरिस सम्झौताबाट हट्दा अन्य शक्तिशाली मुलुकहरु पनि कार्यान्वयनबाट पछि हट्न सक्ने बताउनुहुन्छ।

विश्व मौसम विज्ञान सङ्गठन (डब्ल्युएमओ) द्वारा प्रकाशित सन् २०२४ को जलवायु अवस्था प्रतिवेदनले जलवायुजन्य सङ्कटलाई उजागर गराएको र वर्ष २०२४ लाई अहिलेसम्मकै सबैभन्दा तातो वर्षका रूपमा उल्लेख गरेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "जलवायुजन्य विपद् बढ्दै जाने जोखिम रहेको समयमा सम्झौता कार्यान्वयनबाट शक्तिशाली मुलुक नै पछि हट्दा त्यसको असर नेपाल जस्ता मुलुकले भोग्नुपर्छ।"

उनले अमेरिका विश्वमा दोस्रो हरितगृह ग्यास उत्सर्जन गराउने मुलुकमा पर्ने उल्लेख गर्दै उहाँले जलवायुजन्य सङ्कटसँग लड्नका लागि अमेरिकाकै जिम्मेवारी बढी हुने बताउनुभयो। पण्डितले भन्नुभयो, "अमेरिका पेरिस सम्झौता कार्यान्वयन गर्ने नैतिक दायित्वबाट पछि हट्दा जलवायु सङ्कट समाधानमा असर त पर्छ नै तर अन्य मुलुकहरु त्यसैगरी हट्दै जाने हो भने समस्या अझ थपिन्छ, अन्य मुलुक सम्झौता कार्यान्वयनमा विशेष ध्यान दिनुपर्छ।"

एनसिक्यूजी कार्यान्वयनमा समस्या

गत कात्तिक २६ देखि मङ्सिर ७ गतेसम्म अजबैजानको बाकुमा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारुप महासन्धि (युएनएफसिसिसी) का पक्ष राष्ट्रहरुको २९औँ शिखर सम्मेलन सम्पन्न भएको थियो।

कोप वार्ता प्रक्रियाको उपलब्धिमा जलवायु वित्तको नयाँ लक्ष्य (एनसिक्यूजी) मा भएको सहमतिलाई उपलब्धिका रुपमा हेरिएको थियो। विकसित देशहरुले विकासोन्मुख देशलाई वार्षिक तीन सय विलियन डलरसम्म उपलब्ध गराउने सहमति नै कोपको मुख्य सकारात्मक उपलब्धिको रुपमा विश्लेषण गरिएको थियो। यद्यपि विकासोन्मुख राष्ट्रहरुको माग भने वार्षिक एक दशमलव तीन ट्रिलियन डलर थियो।

मागअनुसार निकै कम जलवायु वित्त उपलब्ध गराउने धनी मुलुकको प्रतिबद्धतामा अतिकम विकसित मुलुकको समूह एलडिसीले कोपको नतिजा उपलब्धिमूलक नभएको भन्दै असन्तुष्टि जनाएको थियो। कोप-२९ मा प्रतिबद्धता जनाइएअनुसारको तीन सय बिलियन अमेरिकी डलरसमेत उपलब्ध नभई एनसिक्युजी कार्यान्वयनमा चुनौती देखिने आशंका रहेका जलवायु तथा विपद् व्यवस्थापन विद् डा धर्मराज उप्रेतिको भनाइ छ।

"बढ्दो जलवायुको सङ्कटअनुसार तीन सय विलियन डलर अमेरिकी डलर जलवायु वित्त अपुग नै हो। त्यसमाथि धनी र शक्तिशाली मुलुक नै दायित्वबाट पछि हट्दा सो रकम समेत उपलब्ध नहुने हो कि डर छ", उहाँले भन्नुभयो, "यसका साथै हरित जलवायु कोष, अनुकूलन कोष, हानी नोक्सानी कोष जस्ता बहुपक्षीय कोषहरु छन्, यी कोषको वित्तीय आकार नबढ्ने सम्भावना उत्तिकै छ।" जलवायु परिवर्तनका कारण गरिब देशमा बढ्दो बाढीपहिरो, आँधी र खडेरीललगायतका प्राकृतिक विपद् सम्बोधन गर्न 'नोक्सानी र क्षति कोष' कार्यान्वयन गर्नुपर्नेमा जोड दिइएको छ। रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : रोग प्रतिरोधात्मक क्षमता बढ्नेछ । परिवारको साथ र सहयोग मिल्नेछ ।
वृष : दिन सामान्य छ । साना कुरामा विवाद नगर्नु राम्रो हुनेछ ।
मिथुन : दिन रमाइलो छ । परिवारसँग बसेर नयाँनयाँ परिकार खाएर रमाइलो गर्ने अवसर मिल्नेछ ।
कर्कट : अढैया शनि भए पनि शुभग्रहको बहुमत छ । लगानीको क्षेत्रमा घाटा नहुने देखिन्छ ।
सिंह : दिन राम्रो छ । लगानीका क्षेत्र सबल छन् ।
कन्या : दिन सामान्य छ । परिवारको साथमा रमाइलो गर्ने अवसर मिल्नेछ ।
तुला : बन्धुसँगको कारोबारबाट मनोकामना पूरा हुनेछ ।
वृश्चिक : खटपटी बढ्नेछ । प्रेम सम्बन्धमा सम्हालिएर अगाडि बढ्नुपर्नेछ ।
धनु :विपक्षीको आवाज सुन्ने बानीको विकास नहुँदा घाटा हुने जोखिम छ ।
मकर : दिन सामान्य छ । अनुत्पादक क्षेत्रमा खर्च बढ्नेछ । हरेक काममा बाधा आइलाग्नेछ ।
कुम्भ : दिन सामान्य राम्रो छ ।
मीन : सोचेका काम बन्नेछन् ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



भारतको अयोध्यामा भगवान रामको मन्दिर बनेको वार्षिक अवसरमा जनकपुरधामको भानुचौकमा दिप प्रज्वलन गरि खुसी मनाईदै । *तस्बिर : संजय कुमार यादव*

# गोदाममा मल छ, किसानले पाउँदैनन्

सिरहा । लहानस्थित कृषि सामग्री कम्पनी लिमिटेडको गोदाममा रासायनिक मल मौज्दाद हुँदा पनि यहाँका किसानले मल पाएका छैनन् । मधेस प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट स्थानीय तहलाई वितरण गर्ने मलको संख्या एकीन नगर्दा किसानले मल नपाएका हुन् ।



कृषि सामग्री कम्पनी लिमिटेड लहानका शाखा प्रबन्धक दीपराज पौडेलले मधेस प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट स्थानीय तहलाई वितरण गर्ने मलको संख्या एकीन नगर्दा रासायनिक मल वितरणमा ढिलाइ भएको बताउनुभयो । "प्रदेश सरकारबाट जग्गा क्षेत्रफलको अनुसार सम्बन्धित मन्त्रालयले स्थानीय तहलाई मल वितरण गर्ने रासायनिक मलको मात्रा लेखी पठाउनुपर्ने हुन्छ", उहाँले भन्नुभयो, "मन्त्रालयबाट पत्र आउन ढिला भएको कारण समस्या परेको हो । पत्र प्राप्त हुनासाथ मल वितरणको प्रक्रिया अगाडि बढ्छ ।"

लहानस्थित कृषि सामग्री कम्पनीले कोशी प्रदेशका खोटाङ, ओखलढुङ्गा, सोलु र मधेस प्रदेशको सिरहामा रासायनिक मल वितरण आएको छ । प्रबन्धक पौडेलका अनुसार कोशी प्रदेशले आफ्ना जिल्लामा पठाउनुपर्ने मलको संख्या उल्लेख गरी पठाइसकिएकाले कोशी प्रदेशका ती जिल्लामा माघको पहिलो हप्ताभित्रै मल वितरण गरिसकिएको छ ।रासस

# सनी खोलाको बगर किसानको मेहनतले हराभरा



महोत्तरी । तीन वर्षअघि वरिपरि सबै ढुङ्गा र गेगऱ्यान रहेको सनी खोलाको बगर अहिले हराभरा देखिन थालेको छ । गौशाला-८ कुष्माढीका स्थानीयले सनी खोलाको बगरमा रहेको गेगऱ्यान खोस्रेर खेतीयोग्य जमिनमा परिणत गरी मेहनतले हरियाली बनाएका हुन् ।

सनी खोलाको बहावले उकासेको बगरमा कुष्माढीका भूमिहीन किसानले मेहनत गरेर उब्जनी गर्न थालेको तीन वर्ष भएको छ । नदीले बहाव छाडेको नदीउकास बगरको एक सय एकबिघा जग्गामा अहिले थरिथरिका फलफूलका बोट बढ्दै छन् ।

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी)ले फलफूल रोपणमा किसानलाई सहयोग गरेको हो । यहाँ आँप, लिची र कागतीसहित ११ हजार बोट हुर्कँदै छन् । बगैँचाभित्र तरकारी बाली लहलह छ । यो बगरमा कुष्माढीका दुई सय एक भूमिहीन किसानको मेहनत हाँसिरहेको छ ।

गौशाला नगरपालिकाले भूमिहीन किसानको परिवार सङ्ख्याका आधारमा चार कठ्ठादेखि १० कठ्ठासम्म जग्गा छुट्याइदिएपछि विसं २०७८ को अन्त्यतिर खनजोत थालिएको हो । युएनडिपी र सेभ द चिल्ड्रेनअन्तर्गत अन्तराष्ट्रिय गैरसरकारी संस्थाको समुन्नति कार्यक्रम, सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल र गौशाला नगरपालिकाको सहयोगमा किसानको हौसला बढेको छ ।

"अहिले बगरमा कतै गहुँ लहलह बढ्दैछ । कतै आलु धमाधम खनिँदै छन् । किसानले जैविक खेती गर्ने हुँदा यहाँ उत्पादित फसल उपभोक्ताको पहिलो रोजाइमा पर्दै आएको छ । आलु लिने धेरैजसो खेतमा आइपुग्नुहुन्छ", किसान चन्द्रकला महराले भन्नुभयो । बगरखेती सुरु भएपछि जीविकोपार्जनको समस्या अन्त्य भएको उहाँको भनाइ छ ।

बगरखेतीमा कुष्माढीका मुसहर, चमार (राम)सहितका अत्यन्त गरिब दलित समुदाय र कोइरी, यादव र मगरसहितका जनजाति बसोबास गर्दै आएका छन् ।

यहाँका किसानलाई गौशाला नगरपालिकाले नदीउकासको चार किलोमिटर क्षेत्रभित्र विद्युतिकरण, दुई वटा डिपबोरिङ्ग र सिँचाइ प्रयोजनका जल भण्डारण गर्न छ वटा पोखरी निर्माण गरेको छ । साथै समुन्नति कार्यक्रमले मलका लागि गँड्यौला खेती गर्ने सीप प्रदान गरेको किसान कामेश्वर महतोले बताउनुभयो । सामुदायिक विकास तथा पैरवी मञ्च बर्दिबासले खेतीमा प्राविधिक र बीउबिजनको सहयोग गरेपछि किसान थप उत्साहित भएका उहाँको भनाइ छ ।

"हामीसँग आफ्नो भन्ने जग्गा थिएन, नगरपालिका र गैरसरकारी संस्थाको सहयोगले खेती गर्ने जग्गा पायौँ, अहिले अन्यत्र बनी (मजदुरी) गर्न जान परेको छैन", महतोले भन्नुभयो, "हामी मजदुरलाई बगरखेतीले किसान बनायो ।"

बगरखेती गर्न थालेपछि कहिल्यै धन सञ्चय नगर्ने समुदायको परिचय बनेपछि बचत गर्न थालेका छन् । "नदीउकास बगर पाएको पहिलो वर्ष ढुङ्गा, गेगऱ्यान खोस्रेर छेउ लाउँदै बित्यो, दोस्रो वर्षदेखि फसल लिन पाएका छौँ", मुसहर समुदायकी ३५ वर्षीया कविता सदाले भन्नुभयो, "अहिले जीविकोपार्जन सहज भएको छ ।" पहिलेको बलौटे ढङ्यान जग्गा नियमित खनजोत, सिँचाइ र जैविक मलले उर्वर बन्दै गएको उहाँले बताउनुभयो ।

उत्तरतिर वन क्षेत्रसँगै जोडिएको यो जग्गामा वन क्षेत्र, खोल्साखोल्सी र खोलाले बगाएर ल्याएको पाँगो माटोले रोपिएका फलका रुख दुई वर्षमा हुर्केका र बालीनाली पनि हलक्क बढ्ने गरेका गौशाला-८ का वडाध्यक्ष भोजबहादुर दर्लामीले बताउनुभयो ।

केही समय पहिलेसम्म गरिब रहेका यहाँका स्थानीय बगरखेतीले राम्रा किसान बनेका गौशालाका नगरप्रमुख डा दिपेन्द्र महतोले बताउनुभयो । बगरखेतीका लागि किसानलाई पालिकाले गरेको सहयोग खेर नगएको उहाँको भनाइ छ । "किसानलाई आगामी दिनमा पनि नगरको निरन्तर साथ र सहयोग रहनेछ", उहाँले भन्नुभयो ।

सामुदायिक विकास तथा पैरवी मञ्चका अध्यक्ष नागदेव यादवले आफ्नो संस्थाबाट बगरखेतीका लागि किसानलाई साथ र सहयोग जारी रहने प्रतिबद्धता जनाउनुभयो ।

> सामुदायिक विकास तथा पैरवी मञ्चका अध्यक्ष नागदेव यादवले आफ्नो संस्थाबाट बगरखेतीका लागि किसानलाई साथ र सहयोग जारी रहने प्रतिबद्धता जनाउनुभयो ।

"सबैको सकारात्मक साथले बगरखेतीका किसानको हौसला बढेको छ । हाम्रो मेहनत सफल भएको छ, सबैको साथ रहिरहे हामी बगरमा उत्पादन वृद्धि गर्दै जानेछौँ", कुष्माढीकी किसान विना पासवानले भन्नुभयो । अहिले सनी खोलाको बगरखेती अवलोकन गर्न टाढाटाढाका किसान समूह आउने गरेका छन् ।रासस

# स्नातकोत्तर तहमा जनप्रशासनका कक्षा सञ्चालन गर्दै मधेश विश्वविद्यालय

वीरगञ्ज । मधेश विश्वविद्यालयले यही शैक्षिक सत्रदेखि जनप्रशासन सङ्कायतर्फ स्नातकोत्तर तह (एमपिए) र स्नातक तहमा उद्यमशीलता विषयमा नयाँ कक्षा सञ्चालन गर्ने तयारी गरेको छ ।

गत आर्थिक वर्षदेखि कानुन सङ्कायतर्फ स्थातक तहअन्तर्गत बिएएलएलबी र जनप्रशासन सङ्कायतर्फ बिपिएम कक्षा सञ्चालन गर्दै आएकामा विद्यार्थीको आकर्षण बढ्दै गएपछि विश्वविद्यालयले यही शैक्षिक सत्रदेखि जनप्रशासन सङ्कायतर्फ स्नातकोत्तर तह र उद्यमशीलता विषयको स्नातक तहको कक्षा सञ्चालन गर्ने तयारी गरेको हो ।

"ती दुवै सङ्कायको कक्षा सञ्चालनका लागि आवश्यक पाठ्यक्रम निर्माण भइसकेको छ", विश्वविद्यालयका रजिष्ट्रार विजयकुमार यादवले भन्नुभयो, "एमपिए कक्षाका लागि आगामी फागुनदेखि विद्यार्थी भर्ना प्रक्रिया सुरु गर्छौं ।" उहाँका अनुसार आगामी शैक्षिक सत्रदेखि ' कमाउँदै पढ्दै' कार्यक्रमअन्तर्गत मधेश प्रदेशका आठ वटै जिल्लाका सामुदायिक विद्यालयमा सञ्चालन गरिने उद्यमशीलता विषयको स्नातक तहको पठनपाठनको तयारी भइरहेको हो ।

आर्थिक अभावका कारण स्नातक तह अध्ययन गर्न नसकेका ग्रामीण क्षेत्रका विद्यार्थीलाई लक्षित गरी उद्यमशीलता विषयको कक्षा सञ्चालन गर्न लागिएको बताउँदै रजिष्ट्रार यादवले पहिलो वर्ष प्रदेशका चार वटा जिल्लामा र अर्को वर्ष थप चार जिल्लामा कक्षा सञ्चालन गर्ने योजना रहेको जानकारी दिनुभयो ।

उहाँका अनुसार मधेश विश्वविद्यालयले सङ्घीयता अध्ययन प्रशिक्षण केन्द्र स्थापना गरी सङ्घीयता विषयको अध्ययन र अनुसन्धानको विषयमा पनि कक्षा सञ्चालन गर्न लागेको छ ।




हालै प्रदेशको बारा, पर्सा, रौतहट र धनुषा जिल्लामा सरकारी निकायका प्रमुख, कर्मचारी तथा सरोकार भएकासँग सङ्घीयता विषयको अध्ययन र अनुसन्धानको विषयमा प्रारम्भिक चरणको छलफल गरिएको रजिष्ट्रार यादवले बताउनुभयो ।

हाल उक्त विश्वविद्यालयमा बिएएलएलबी प्रथम वर्षमा एक सय १० र दोस्रो वर्षमा एक सय १० जना तथा जनप्रशासन सङ्कायतर्फ पहिलो वर्षमा २५ र दोस्रो वर्षमा २० जना विद्यार्थी अध्ययनरत छन् । विश्वविद्यालयलाई कानुन सङ्कायतर्फ एक सय १०, जनप्रशासनतर्फ ५५ वटा कोटा निर्धारण गरिएको थियो ।

> हालै प्रदेशको बारा, पर्सा, रौतहट र धनुषा जिल्लामा सरकारी निकायका प्रमुख, कर्मचारी तथा सरोकार भएकासँग सघीयता विषयको अध्ययन र अनुसन्धानको विषयमा प्रारम्भिक चरणको छलफल गरिएको रजिष्ट्रार यादवले बताउनुभयो ।

विश्वविद्यालयको तत्काल आफ्नो संरचना निर्माण भइनसकेकाले काठमाडौँ विश्व विद्यालयको समन्वयमा दुवै सङ्कायको पठनपाठन सञ्चालन गर्दै आइएको रजिष्ट्रार यादवले जानकारी दिनुभयो । विसं २०७९ वैशाख १४ गते मधेश प्रदेशसभाद्वारा मधेश विश्वविद्यालय ऐन, २०७९ जारी भई २०७९ भदौ २२ गते विश्वविद्यालय स्थापन गरी दुवै सङ्कायको पठनपाठन सुरु गरेको थियो । विश्वविद्यालयले वीरगञ्जस्थित नेशनल ट्रेडिङ्गको भवन भाडामा लिई कार्यालय सञ्चालन गर्दै आएको छ ।

अनुसन्धान र प्रशिक्षणको माध्यमबाट शिक्षण सिकाइलाई प्रभावकारी र गुणस्तरीय बनाउन सकिने मान्यताअनुरुप विश्वविद्यालयलाई प्रदेशमा पहिलो मधेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रका रूपमा स्थापना गर्ने लक्ष्य रहेको विश्वविद्यालयका उपकुलपति प्राडा दिपकबहादुर शाक्यले बताउनुभयो ।

"हामीले सञ्चालन गरेको कानुन र जनप्रशासन सङ्कायको कक्षामा विद्यार्थीको आकर्षण देखेर उत्साहित भएका छौँ", उहाँले भन्नुभयो, "त्यसैले आगामी दिनमा मेडिकल, ल्याब टेक्निसियन, फिजियोथेरापीलगायत चिकित्सा र स्वास्थ्यसम्बन्धी कक्षा पनि सञ्चालन गर्ने लक्ष्य राखेका छौँ ।"

तत्कालका लागि वीरगञ्जको नारायणी अस्पताल र पोखरियास्थित पोखरिया अस्पतालाई आधार बनाएर एमबीबिएस कक्षा सञ्चालन गर्ने योजना बनाएर प्राविधिक टोलीबाट सम्भाव्यता अध्ययनको तयारी गरिएको उपकुलपति प्राडा शाक्यले जानकारी दिनुभयो । उच्च शिक्षालाई अनुसन्धामूलक बनाउने उद्देश्यले फार्मेसी, विज्ञान तथा सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक शैक्षिक कार्यक्रम पनि सञ्चालन गर्ने लक्ष्य रहेको उहाँले बताउनुभयो ।

प्रदेशका ग्रामीण क्षेत्रका जनतालाई उच्च शिक्षामा पहुँच पुऱ्याउने, शिक्षालाई श्रम, श्रमलाई सीपसँग र सीपलाई समृद्धिसँग जोड्ने उद्देश्यका साथ दक्ष जनशक्ति उत्पादन गर्नका लागि प्रदेशमा 'मधेश स्कील स्कूल' स्थापना गर्ने विश्वविद्यालयको प्रमुख उद्देश्य रहेको छ ।

**भौतिक संरचना निर्माणका लागि डिपिआर बनाउदै**

पोलिटेक्निक, सूचना प्रविधि (आइटी),व्यवस्थापन,पारामेडिकल, कृषि इन्जिनियरिङ्गलगायत प्राविधिक शिक्षाको माध्यमबाट प्रदेशलाई प्राविधिक शिक्षा हवका रूपमा विकास गर्ने उद्देश्यका साथ विश्वविद्यालय अघि बढ्केको छ । जग्गा प्राप्तिसँगै आवश्यक भौतिक संरचनाका लागि विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयारी भइरहेको विश्वविद्यालयका रजिष्ट्रार यादवले जानकारी दिनुभयो ।विश्वविद्यालयले पर्साको बहुदरमाई नगरपालिका-२ मा ३५ बिघा र पोखरिया नगरपालिकामा १६ बिघा ऐलानी जग्गा प्राप्त गरेको छभने पर्साको पकाहाँ मैनपुर गाउँपालिकास्थित सुरजाहा कट्टीमठ्ठ (राधाकृष्ण मन्दीर) को २७ बिघा जग्गा पाउने आश्वासन पाएको छ ।

बहुदरमाई नगरपालिका-२ मा प्राप्त भएको जग्गालाई सिमाङ्कन गरी पिलर जडान गरिएपनि अझै स्वामित्व हस्तान्तरण हुन सकेको छैन् ।

"नगरपालिकाले जग्गाका लागि हामीलाई लेखेर दिइसकेको छ", विश्वविद्यालयका रजिष्ट्रार यादवले भन्नुभयो, "जिल्लाको भोगाधिकार समिति, मधेश प्रदेश सरकारबाट निर्णय भएको विवरणसहितको फाइल सङ्घीय सरकारको भूमी व्यवस्था गरिबी निवारण मन्त्रालयमा पुगेको छ, मन्त्रीपरिषद्बाट पनि जग्गाको स्वामित्व विश्वविद्यालयलाई दिने निर्णय हुने आश्वासन पाएका छौँ ।" सङ्घीय सरकारबाट निर्णय भएपछि जग्गा विश्वविद्यालयको स्वामित्वमा आउने र त्यसपछि भौतिक संरचना निर्माण सुरु हुने उहाँको भनाइ छ ।

"जग्गाको स्वामित्व विश्वविद्यालयको नाममा नआएसम्म हामीले त्यो जग्गामा कुनै पनि भौतिक संरचना बनाउन सक्दैनौँ", रजिष्ट्रार यादवले भन्नुभयो, "भौतिक संरचना बनाउन जग्गा चाहिन्छ, हाम्रो नाममा जग्गा नआएसम्म बनाउन सकिँदैन, भौतिक संरचना नबनाएसम्म अन्य कक्षा सञ्चालन गर्न पनि सकिँदैन ।" जग्गा प्राप्तिसँगै भौतिक संरचना निर्माणका लागि डिपिआर बनाउन लागिएको उहाँले बताउनुभयो । त्यस्तै पोखरीया नगरपालिकाको १६ बिघा जग्गाको स्वामित्व मधेश विश्वविद्यालयमा हस्तान्तरणका लागि वडा कार्यालयबाट सिफारिस भई अन्य प्रक्रियामा रहेको विश्वविद्यालयले जनाएको छ ।रासस

# निजी खर्चमै गरिब असहायलाई न्यानो सेवामा यादव

**टुडे समाचारदाता**

राजविराज । सामान्य परिवारका एक समाजसेवी विगत एक सातादेखी सितलहरमा कठ्याग्रिएर बसेका गरिब, दलित र असहायका लागि न्यानो लत्ताकपडा वितरणमा व्यस्त छन् ।

सप्तरीस्थित धर्मीहल्फा महिला विकास क्लबका अध्यक्ष सेवानिवृत ई. सूर्यनारायण यादव यसरी विपन्न बस्तीमा पुगेर न्यानो कपडा बाड्दै आएका हुन् ।

अहिले अत्याधिक चिसो बढेका बेला उनी निजी खर्चमै एक साता यता विपन्न बस्तीमा पुगेर न्यानो कपडा र ब्लाङकेट बितरण गर्दै आएका छन् ।



यसैक्रममा बुधबार सप्तरीको बोदेबर्साइन नगरपालिका ७ स्थित फुलहारा गाउँको दलित बस्तीमा पुगेर उनले दुई दर्जन विपन्न परिवारलाई न्यानो कपडा र ब्लाङकेट बितरण गरेका छन् । चिसोका कारण उक्त बस्तीका बृद्धबृद्धा र बालबालिकालाई गाह्रो भइरहेको जानकारी प्राप्त भएपछी सानो सहयोग स्वरुप न्यानो कपडा लिएर पुगेको उनले बताए ।

आफ्नो बुबा धर्मी र आमा हल्फाको नाममा क्लब नै स्थापना गरि उनी विगत दुई दशकदेखी निजि खर्चमै गरिब, असहायलाई विभिन्न खाले सहयोग गर्दै आएका छन् ।

पछिल्लो सात दिनयता जिल्लाको विभिन्न विपन्न बस्तीमा पुगेर उनले तीन सय भन्दा बढी न्यानो कपडा र ब्लाङकेट बितरण गरिसकेका छन् । यादव आफै सामान्य आर्थिक अवस्था भएका वयक्ति हुन् ।

# एचपिभी खोप अभियान सफल पार्न स्वास्थ्यकर्मीलाई प्रशिक्षण


सिरहा । सिरहा नगरपालिका स्वास्थ्य शाखाको आयोजना एवं जनस्वास्थ्य कार्यालय सिरहाको प्राविधिक सहयोगमा 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप अभियान-२०८१ अन्तर्गत नगरभित्र खोप दिने स्वास्थ्यकर्मीलाई प्रशिक्षण दिइएको छ ।

कार्यक्रमका बारेमा प्रकाश पार्दै नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख मोहम्मद इद्रिस राइनले यही माघ २२ देखि २९ गतेसम्म नगरका ६० विद्यालयका कक्षा ६ देखि १० सम्मका र विद्यालय बाहिरका १० देखि १४ वर्षसम्मका साढे सात हजार किशोरीलाई एचपिभी खोप लगाइने जानकारी दिनुभयो ।

एचपिभी खोप अभियानका लागि नगरका २२ वटै वडाका ३२ जना स्वास्थ्यकर्मीलाई तालिम दिइएको र यसअघि २१ जना स्वास्थ्य संस्थाका प्रमुखहरूलाई तालिम दिइएको छ ।

तालिममा सहभागी स्वास्थ्यकर्मीलाई नगरप्रमुख डा नवीनकुमार यादवले यसै वर्षदेखि अभियानसहित नियमित खोप कार्यक्रममा समावेश गरेको एचपिभी खोप अभियानका लागि शतप्रतिशत लक्ष्य प्राप्ति हुनेगरी तयारी गर्न आग्रह गर्नुभयो ।

जिल्लामा एचपिभी खोपको आवश्यक मात्रा जिल्ला स्वास्थ्य कार्यालयमा आइसकेको जनस्वास्थ्य अधिकृत कृष्णदेव यादवले जानकारी दिनुभयो । महिलाहरूमा पाठेघरको मुखको क्यान्सर हुनबाट जोगाउन ग्लोबल एलायन्स (गाभी)को सहयोगमा स्वास्थ्य तथा जनसङ्या मन्त्रालयले एचपिभी खोप ल्याएको हो ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# प्रदेशको औचित्य र स्वीकारोक्तिमा गतिरोध

सरकार फेरबदल गर्नमा राजनीतिक दलहरुले समय खर्चिनुले संवैधानिक आकांक्षा पूरा गर्न ठोस कामहरु हुन नसकेर प्रयोगशाला बन्दै गएको छ। बदलिंदो परिस्थितिमा नागरिक शिक्षा र लोकतन्त्र अन्तर्गत विधिको शासन र सुशासनको अवस्थामा खास सुधार हुन नसकेका कारण संवैधानिक संस्कृतिको विकासमा गतिरोध देखा परेको ।भ्रष्टाचारको रोकथाम र नियन्त्रणमा सरकारले शून्य सहनशीलताको वाचा गरे पनि संगठित रुपमा भ्रष्टाचार र संगठित अपराध बढ्दो अवस्थामा रहेको छ ।विधायन निर्माण र योजना तर्जुमामा तहगत सरकारका बीच परामर्श र समन्वय सन्तोषजनक नभएको र स-साना आयोजनाहरुका निम्ति पनि संघीय कार्यक्रम भित्रै राखी बजेट बिनियोजन गर्ने कार्यले संघीयताको मर्म र भावना अनुरुप संघको व्यवहार दखिएको छैन। जुन उद्देश्यले संघीय प्रणाली रोजियो सो अनुरुप व्यवहार भन्दा शत्रुवत जस्तो व्यवहार गर्ने प्रवृत्ति र सत्ता केन्द्रित दलीय राजनीतिले राष्ट्र र जनता वृहत्तर हितमा केन्द्रित भइ काम गर्ने कुराले स्थायीत्व पाउन नसकेको तथ्य मनन योग्य छ ।संवैधानिक आकांक्षालाई पूरा गर्न संविधान कार्यान्वयनको सम्बन्धमा देखा परेका चुनौतीहरुको अध्ययन गरी राष्ट्रिय सहमतिका आधारमा संविधानको सशोधन , स्वच्छ अभ्यासबाट समस्याको समाधान र न्यायिक व्याख्याबाट द्विविधामा स्पष्टताको खाँचो छ ।सविधानका धेरै अन्तरवस्तु र विशेषता उदारवादी लोकतन्त्रसँग मिल्ने भए पनि वाचा समाजवाद उन्मुख राज्य प्रणाली निर्माण गर्ने रहेको तथा संविधानले विभिन्न किसिमका आर्थिक र सामाजिक हकहरुलाई मौलिक हकका रुपमा समावेश गरेको भए पनि कार्यान्वयन गर्न राज्यको कमजोर आर्थिक क्षमताका कारण जटिल छ ।संविधानको कार्यान्वयनबाट केही परिवर्तन ढाँचागत रुपमा देखिएको स्थिति भए पनि जनचाहना र आकांक्षालाई सम्बोधन गर्न राज्य प्रणाली अझ पनि सक्षम हुन सकेको अवस्था चिन्तनीय छ। राजनीतिक अस्थिरताका कारण दिगो किसिमबाट काम हुन सकिरहेको छैन , सुशासनको अवस्था सन्तोषजनक देखिन्न , राजनीतिक व्यवस्था बदलिएको भए पनि औसत नागरिकको अवस्थामा सुधार हुन सकेको छैन , केन्द्रिकृत सोच , मानसिकता , कार्यशैली र चरित्रमा खासै सुधार हुन सकेको देखिदैन ।संविधानले लोकतन्त्रका आधारभूत चरित्रहरुलाई अवलम्बन गरेको भए पनि कार्यान्वयनमा विभिन्न समस्या र चुनौतीहरु देखिएका छन् ।संघको नेतृत्वसंगै प्रदेश सरकार पनि परिवर्तन भइहाल्ने व्यवहारले प्रदेशको औचित्य र स्वीकारोक्ति बढ्न नसकेको र प्रदेश मन्त्री उत्पादन गर्ने कारखाना जस्तो भएको छ कारण प्रदेशले आफ्नो भूमिका स्पष्ट देखाउनु आवश्यकता छ , स्थानीय। ह्रीपको सीमा बारे अस्पष्टता र गणितीय खेलले राजनीतिक स्थायित्व , विकास र समृद्धि हुन सक्दैन ।शासन प्रणालीप्रति जनताको विश्वास डगमगायो भने संविधानले मात्र रक्षा गर्न सक्दैन सधैं शासन प्रणाली अभ्यासको प्रयोगशाला बनिरहने खतरा रहने गरेको हेक्का हुनु जरुरी छ।

# असल उपभोक्ता समिति दिगो विकासको आधार



श्री भगवान ठाकुर

कुनै पनि राष्ट्रमा विकास र लोकतन्त्र बीच अनोआश्रय सम्बन्ध हुन्छ। लोकतन्त्रमाा विकेन्द्रीकृत शासन प्रणालीबाट आम नागरीकको अधिकार सुनिश्चत हुने तथा देशको दिगो विकासमा संभव हुने भएकोले संघीय लोकतान्त्रिक गणतान्त्रिक नेपालको स्थानीय तहमा संचालन हुने विकास आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउन विभिन्न ऐन कानूनमा व्यवस्था रहेको छ। लोकतन्त्रमा लोककल्याणकारि प्रतिफलका लागि नागरीकको चाहना अनुसारका विकासका योजनाहरु छनौट तथा कार्यान्वयन भएमा विकासमा सहभागीता, स्वामित्वबोध, मितव्ययीता, दुरदर्शिता भई दिगो विकासमा सहयोग पुग्ने विश्वास रहेको छ।

हुन त विकासमा नागरीकहरुको सहभागिताको लागि उपभोक्ता समितिको गठन, सञ्चालन, व्यवस्थापन एवम् कार्यक्रम कार्यान्वयन गर्दा गाउँ पालिका तथा नगरपालिका संचालनको स्थानीय सरकार संचालन ऐन २०७४ मा प्रशस्त व्यवस्था गरेको छ। स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १२ बडा समितिको काम कर्तव्य र अधिकारको उपदफा २ को खण्ड (क) को २ मा टोल विकास संस्थाको गठन र परिचालन तथा बडा भित्र संचालन हुने योजनाहरुका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने उल्लेख रहेको छ। त्यसैगरी दफा १५ परिचालन र समन्वय गर्ने विषयमा गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरमा विकास निर्माण तथा सेवा प्रभाव सम्बन्धी गर्दा आफ्नो क्षेत्रभित्रका उपभोक्ता, निजी क्षेत्र, सामुदायिक संघ संस्था, सहकारी, संस्था तथा गैर सरकारी, क्षेत्रको परिचालन र समन्वय प्रर्वधनलाई प्रोत्साहन गर्न सक्ने छ।

गाउं /समुदायमा मानवीय, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार विकास, आदिका लागि विभिन्न विकासका आयोजनाहरु राष्ट्रिय तथा अन्तराष्ट्रिय निकाय मार्फत आउने गर्दछ। नेपालमा केही वर्ष यता विकास कार्यमा असल उपभोक्ताहरुको सक्रिय सहभागिता नभएको, सरकार पक्षबाट उनीहरुको सहभागितामा जोड नदिनाले वा राजनैतिक कार्यकर्ता तथा ठेकेदारहरुको बढी सक्रियताले दिगो विकासमा चुनौती खडा भएको छ।

उपभोक्ताको अर्थ तथा बुझाईमा सर्वसाधारणलाई स्थानीय तहमा कर्मचारीहरुले स्थानीय तहको निर्वाचन पूर्वमा झैं संघीय लोकतान्त्रिक गणतान्त्रिक नेपालका प्रथम जननिर्वाचित पदाधिकारीको आगमन पछि पनि उल्लेखनीय भिन्नता आएको छैन। स्थानीय तहमा संचालनमा रहेका योजनाहरु नाम मात्रको समाजका नेतृत्व वर्गका पदाधिकारीहरुको अगुवा पछुवा तथा आसे पासेहरुको उपभोक्ता समिति कागजमा गठन भएका छन्। ती योजनाहरु केही लाभको लोभमा उही ठेकेदारहरु मार्फत संचालनमा रहेको कुरा प्रशस्त सुनिन्छ र देखिन्छ पनि। अब विचार गरौं १ लाखको योजना तेबरमा इस्टिमेट भएको र विभिन्न तहमा हुने चुहावटले नागरिकको खुन पसिनाले तिरेको राजस्वको सदुपयोग यो संघीय लोकतान्त्रिक गणतन्त्रमा स्थानीय तहका पदाधिकारीहरुले कसरी गर्न देला ? हुन त उपभोक्ता भनेको त तोकिएको आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारका व्यक्तिहरु बुझिन्छ तर यथार्थमा केही बेग्लै देखिन्छ।

स्थानीय सरकार संचालन ऐन २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्र भित्रको विकास निर्माण कार्य संचालनको लागि स्थानीय तहमा कार्यावयन हुने आयोजनाको निर्माण संचालन, मर्मत सम्भार कार्य गर्न तथा कुल लागत रु. १ करोडसम्म भएको तथा स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानयि स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यावयनका लागि उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७४ पनि तयार भएकोछ। यस कार्यविधि को परिच्छेद २ उपभोक्ता समिति गठन र संचालनमा उल्लेख भए अनुसार उपभोक्ता समितिको गठन आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलावाट अधिकतम सहभागितामा सम्बन्धित आयोजनास्थलमा नै ७ देखि ११ सदस्यीय गठन गर्नु पर्ने छ। समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको विषय त्यस्तो भेला हुने मितिले कम्तीमा ७ दिन अगावै सार्वजनिक रुपमा जानकारी गराउनु पर्ने छ। स्थानीय तहका आयोजना संचालनको लागि उपभोक्ता समितिको गठन गर्दा कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य वा कार्यालयको प्रतिनिधिको रोहवरोहमा गराउनु पर्नेछ। बडा स्तरीय आयोजना संचालनको लागि समिति गठन गर्दा वडाको वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिको रोहवरोहमा गर्नु पर्नेछ।

उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्बन गरी समितिमा कम्तीमा ३३% महिला हुनु पर्ने तथा समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा १ जना महिला पदाधिकारी हुनु पर्नेछ। एक व्यक्ति एक भन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन। साथै सगोलका परिवारबाट एकजना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन। उपभोक्ता समिति गठन सकेसम्म सर्वसम्मत तरीकाले गर्नु पर्ने छ। सर्वसम्मति हुन नसकेमा उपभोक्ताको बहुमतबाट उपभोक्ता समितिको गठन गरिने व्यवस्था रहेको छ। उपभोक्ताहरुको लागत सहभागितामा संचालन हुने आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन गर्न प्राथमिक्ता दिइने छ। उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नु पर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने छ। अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन भन्ने स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७४मा प्रष्ट व्यवस्था छ।

उपभोक्ता समितिको सदस्य हुनलाई सम्बन्धित आयोजना क्षेत्रको स्थायी बासिन्दा, १८ वर्ष उमेर पुरा भएको, फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको, सरकारी बाँकी बक्यौता वा पेश्की फछ्र्यौट गर्न बाँकी नरहेको तथा अन्य उपभोक्ता समितिको सदस्य नरहेको हुनु पर्ने समेत व्यवस्था छ।

स्थानीय तहबाट संचालन गरिने कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढीमा पन्ध्र दिन भित्र उपभोक्ता समिति गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित लाभग्राही समूहलाई जानकारी दिनुपर्ने व्यवस्था रहेको छ। तोकिएको समयभित्र उपभोक्ता समिति गठन भई आउन नसकेमा सम्बन्धित स्थानीय तहले सहजीकरण गर्नेछ। आयोजनाको भूक्तानी गर्दा रु. १ लाख भन्दा बढी भएमा बैंक खाता मार्फत गरिने, सम्झौता बमोजिमको प्राविधिक मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन र अन्य कागजातको आधारमा र खर्चको विवरण समितिको बैठकबाट निर्णय गरी पेस भएमा किस्तागत र अन्तिम भूक्तानी दिइने प्रावधान रहेको छ। अन्तिम भूक्तानी अगाडी अनुगमन गर्ने व्यवस्था, आयोजना सम्पन्न भई फरफारक अगाडी अनिवार्य रुपमा कार्यालयको प्रतिनिधिको रोहवरोहमा सार्वजनिक परीक्षण गरी र प्रतिवेदन पेश गर्ने, प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक गर्ने व्यवस्था रहेको छ। गुण स्तर कायम गर्न कार्यालयले डेइगं, डिजाइन, लागत अनुमान, प्राविधिक सल्लाह, जाँचपास गर्न प्राविधिक सहयोग गर्ने व्यवस्था रहेको, साथै गुण स्तरको जिम्मेबारी र दायित्व जनप्रतिधि, कर्मचारी, प्राविधिक, उपभोक्ता समिति र अनुगमन समिति रहने समेत व्यवस्था गरेको छ।

उपभोक्ता समितको क्षमता कम भएकोले उनको क्षमता विकास गर्न कार्यालयले आयोजना संचालन अगावै समितिका पदाधिकारीहरुलाई काम कर्तव्य र अधिकार, संचालन गर्नुपर्ने कामको विवरण, सम्पन्न गर्नु पर्ने अवधि, लागत र उपभोक्ताको योगदान, निर्माण सामग्रीको गुणस्तर र परिमाण, खरीद रकम, निकासा प्रकृया, खर्चको लेखाकंन, र अभिलेख व्यवस्थापन, कार्यान्वय र अनुगमन प्रकृया, सार्वजनिक परीक्षण, योजनाको फरफारक र हस्तान्तरण विषयमा अभिमूखिकरण गर्नु पर्ने समेत व्यवस्था रहेको छ। खाता संचालनमा १ महिला रहने गरी अध्यक्ष, कोषाध्यक्ष र सचिवको नाममा तोकेको बैंकमा संचालन गर्ने रहेको छ। तीन लाख भन्दा बढीको आयोजनाको काम शुरु गर्नु अगावै आयोजनाको नाम,लागत साझेदारीको अवस्था, काम शुरु, समापन अवधि दिएको ढाँचामा देखिने गरी आयोजना सूचना पाटी आयोजना स्थलमा राख्नु पर्ने व्यवस्था छ।

> **असल उपभोक्ता समितिबाट आ.व. को ठीक समयमा कार्यक्रम, योजना, परियोजना संचालन न गर्नाले लक्षित समुदायको ईच्छा, माग, आवश्यकतामा आधारित योजना नहुने, स्थानीय श्रोत साधन, शिप को प्रयोग नहुने, लक्षित समुदायको सहभागिता (निर्णय, योगदान फाईदाको वांडफाँड तथा जोखिममा) नहुने, स्वामित्व वोध नहुने, पछि उत्पन्न हुने समस्या तथा कठिनाई बारे ध्यान नपुऱ्याउने, प्रविधि व्यवस्थापन जटिल हुने, वजार, यातायात, स्थानिय उपभोक्तालाई वास्ता नगरिने, मर्मत संभारको व्यवस्था उपभोक्ताको पहुंचभन्दा वाहिर हुने, कार्यक्रमवाट लक्षित समुदाय बाहेकका समुदायमा पर्न जाने असरको वास्ता नहुने, कार्यक्रम पारदर्शी नहुने, आर्थिक अनियमितता व्यापक पाईन्छ ।**

आयोजना तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन उपभोक्ता समिति बाहेकका १ जना महिला सहितको ३ सदसीय अनुगमन समितिले सहजीकरण, बाधा व्यवधान समस्या समाधान, समन्वय गर्ने, सम्झौता बमोजिम कार्य भए नभएको यकिन तथा सो नभए सचेत गराउने समेत व्यवस्था रहेको छ। उपभोक्ता समितिले तोकिएको काम भन्दा बढी गर्ने वा काम नै नगरी वा वास्तविक कामभन्दा बढी काम गरेको देखाई अथवा कुनै आइटमको सट्टा अर्को आइटमको कार्य पूरा गरेको देखाई लागत अनुमानभन्दा बढी रकम माग्ने उपभोक्ता समितिलाई उक्त रकम भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुको अतिरिक्त सम्बन्धित प्राविधिकलाई समेत कारवाही गर्न सकिन्छ।

तर तपाई हामी एक पटक आआफ्नो गाउँ टोल छिमेकमा भौतिक पूर्वाधारका योजनाहरु हेर्नुस, न उपभोक्ता समिति नियम संगत गठन भएको छ, न उपभोक्ता समितिलाई काम कर्तव्य थाहा छ। नाम मात्रको उपभोक्ता समिति, अधिकांश पूर्वाधार विकासका लागि गठन हुने, अधिकांस विकास योजना चैत्रको अन्त तथा बैशाख तिर कागजी कार्य आरम्भ हुने, जेष्ठमा निर्माण हुने, उपभोक्ता समितिलाई कागजी प्रक्रिया सम्बन्धित निकायबाट झंझटिलो, बैंक खाता खोल्न झंझट, धरौटी राख्न नसक्ने, अग्रिम भूक्तानी नदिने, प्रदेश सरकार तथा संघ सरकारको योजनामा स्थानीय तहको वडाबाट सिफारिस अनिवार्य हुनाले धेरै रकमी तथा प्रक्रियागत दुःख पाउने कार्यहरुले कसैको निर्देशनमा संचालित ठेकेदारबाट कमिसनमा योजना विक्री भएको पाईन्छ। वर्षको अन्तमा विकासको कार्य हुनाको मुख्य कारण सरकारहरुले असाढ २५ सम्म भुक्तानी गर्ने वाध्यता हुने ठेकेदार तथा मध्यस्थकर्ताहरुले लगानी उठाउन धेरै समय कुर्नु न पर्ने हुनाले पनि पनि उपभोक्ता समितिको कार्य अरुबाट हुनाले कामको गुणस्तर कमजोर, अधुरो हुने, हतारमा न कामको उचित अनुगमन भएको, न मापदण्ड मिलेको काम गरेको पाईन्छ। न पारदर्शिता, न जवाफदेहिता न कुनै सुशासनको औजारहरु अपनाईएको हुन्छ। यस्ता अवस्था अधिकाँस न.पा. गा.पा.मा रहेको छ। अव मधेशको विकास कुनै पहाडी समुदायले नछेकेकोले अव उपरान्त सबै निकाय सरोकारले विभिन्न तहका मधेशी नेतृत्वलाई सुशासन पद्धतिप्रति संवेदनशील हुनु जरुरी रहेको छ।

अन्तमा असल उपभोक्ता समितिबाट आ.व. को ठीक समयमा कार्यक्रम, योजना, परियोजना संचालन न गर्नाले लक्षित समुदायको ईच्छा, माग, आवश्यकतामा आधारित योजना नहुने, स्थानीय श्रोत साधन, शिप को प्रयोग नहुने, लक्षित समुदायको सहभागिता (निर्णय, योगदान फाईदाको वांडफाँड तथा जोखिममा) नहुने, स्वामित्व वोध नहुने, पछि उत्पन्न हुने समस्या तथा कठिनाई बारे ध्यान नपुऱ्याउने, प्रविधि व्यवस्थापन जटिल हुने, वजार, यातायात, स्थानिय उपभोक्तालाई वास्ता नगरिने, मर्मत संभारको व्यवस्था उपभोक्ताको पहुंचभन्दा वाहिर हुने, कार्यक्रमवाट लक्षित समुदाय बाहेकका समुदायमा पर्न जाने असरको वास्ता नहुने, कार्यक्रम पारदर्शी नहुने, आर्थिक अनियमितता व्यापक पाईन्छ। फलःस्वरुप कार्यक्रमहरु संचालन गर्दा यी सवै कुराहरुलाई ख्यालगरी असल उपभोक्ता समिति मार्फत समयमै विकासका कार्यहरु गरियो भने राष्ट्र विकासमा दिगोपना आउछ।

# यसो भए स्वदेशमै बस्छन् युवा



अमृता अनमोल

गुल्मीको सिमलटारीका विकास पराजुली उच्च शिक्षा अध्ययनका लागि २०६५ सालमा बुटवल झर्नुभयो। त्यसको तीन वर्षपछि पत्रकारिता सुरु गर्नुभयो। ३२ वर्षिय विकासले बुटवलको लुम्बिनी टेलिभिजनसँगै काठमाडौँको एक अनलाइनलगायतका सञ्चारमाध्ययममा काम गर्नुहुन्थ्यो। खोज पत्रकारिता र भिडियोग्राफ्रीमा उहाँको राम्रो दख्खल थियो। त्यही विकासले पत्रकारिता मात्र होइन, देश नै छोड्नुभयो। उहाँ पुस दोस्रो साता देश छोडेर दक्षिण अमेरिकाको चिली जानुभयो। उहाँले पुस २१ मा चिली पुगेपछि लेख्नुभयो, "विवाह, परिवार, बालबच्चाको जिम्मेवारीले थिचिदै जाँदा शहरमा भाडामा बसेर एक पत्रकारको पाखुराले धान्न पक्कै गाहे रहेछ। शहरमा घर, घडेरी त यो कर्मबाट सोच्नुपरको हुने महशुस गरेपछि मेरो मन पनि सञ्चार कर्मलाई तत्काल स्थगित गर्ने निचोडमा पुगेको हुँ। जीवनको एउटा ऊर्जावान समय पत्रकारिता बिताएपछि अहिले केही कमाउन सकिन्छ कि भनेर पृथ्वीको एउटा कुनाबाट पल्लो छेउ आइपुगेको छु।"

पाल्पाको रिब्दिकोटका मुक्तिराम न्यौपाने कामको खोजीमा २०६२ मा बुटवल झर्नुभयो। बुटवलमा खाजा पसल खोल्नुभयो। कमाइ बढ्न थालेपछि बुबाआमालाई समेत गाउँ छोडेर शहर ल्याउनुभयो। खाजा पसलको बुबाआबुबाआमा, श्रीमती, छोराछोरीसहित छ जनाको परिवारको गर्जो चलाइरहनुभएको थियो। कोभिडपछि खाजाघरको चलहपहल घट्दै गयो। तर, छोराछोरी हुर्कदै जाँदा पढाइ खर्च बढ्दै गयो। विस्तारै खाजाघरको कमाइले धान्न सकेन। तिनै कमल ३६ वर्षको उमेरमा खाजाघर छोडेर विदेश जानुभयो। पुस अन्तिम साता उहाँ व्यवसाय बन्द गरेर फिनिडा पुग्नुभएको हो। "विदेश जान्न स्वदेशमै बस्छु भनेर उर्भर समयमा विदेश जाने मन गरिन। कमाएकाले खान पुगेको थियो। ठिकै थियो। तर, महँगी बढेको बढ्यै भयो। खानादेखि छोराछोरीको पढाइको खर्च धान्न यहाँ कमाएकाले पुगेन। त्यसैले खाजाघर बन्द गरेर विदेसिन बाध्य भएँ। खाजाघर चलाएको यहाँको अनुभवले फिनिडाको होटलमा काम गर्ने योजना छ" मुक्तिरामले सुनाउनुभयो।

अवसर खोज्दै व्यक्ति एक ठाउँबाट अर्को ठाउँ वा एक देशबाट अर्को देशमा जानु सामान्य हो। अन्तर्राष्ट्रिय अभ्यास पनि हो। यसैले अवसरको खोजीमा हुने पलायन र बसाइसराइलाई अन्तर्राष्ट्रिय मुद्धा मानिन्छ। भनिन्छ, अवसरको खोजीमा हुने पलायन र बसाइसराइले एक स्थानको श्रम, शक्ति, सभ्यता र संस्कृति अर्को ठाउँमा पुग्छ। त्यसक्षेत्रको विकास र सम्बृद्धिमा सघाउँछ। त्यो राम्रै कुरा हो। विकसित देशले वस्तु निर्यात गरे सरह मान्छेको श्रम पनि किन्छन्। त्यही किनाइमा घर, गाउँनै रित्तो बनाउने गरी भयो भने त्यो दुःखद हुँदोरहेछ। अहिले नेपालमा त्यही भइरहेको छ। घर, गाउँ हुँदै शहर नै युवाविहीन हुन थालेका छन्।

नेपालमा १६ देखि ४० वर्ष उमेर समूहका व्यक्तिलाई युवा मानिन्छ। राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा युवाको जनसंख्या ४२.५६ प्रतिशत अर्थात एक करोड २४ लाख १२ हजार एक सय ७३ छ। युवा परिवर्तनका संवाहक मानिन्छन्। काम गर्ने जोस, जागर र हिम्मत बोकेका व्यक्ति ठानिन्छन्। यति ठूलो युवा जनसङ्ख्या भएका बेला देशले विकास र परिवर्तनमा फड्को मार्नुपर्ने बेला हो। विडम्बना जनगणनाकै तथ्याङ्कअनुसार देशमा १९.८ प्रतिशत युवा पूर्ण बेरोजगार छन्। ३६ प्रतिशत युवा अर्धबेरोजगार छन्। अहिले युवा जम्मा हुने, योजना निर्माण गर्ने, अनुभव साटासाट गर्ने, युवा सूचना प्राप्त गर्ने, समीक्षा तथा मूल्याङ्कन गर्ने स्थान र वातावरणको खाँचो छ। तर, स्वदेशमा यस्ता ठाउँहरु समेत बनाइदिन सकेका छैनौं। यसैले धेरै युवा अहिले आफ्नो भविष्य स्वदेशमा होइन, विदेशमा खोजिरहेकी छन्। विदेश जाने भिसा लागेको दिन युवाहरु जीवनको स्वर्णिम ढोका खुलेको ठान्न थालेका छन्। कोही पढ्ने नाममा त कोही कमाउने नाममा स्वदेश छोडेको छोड्यै छन्। घर,गाउँ हुदै अहिले शहरबजार पनि युवाविहीन बन्दै गएका छन्।

युवालाई स्वदेशमै बस्ने र स्वदेशमै भविष्य खोज्ने बनाउन के गर्ने ? विदेश जाने युवाको लर्को बढिरहेका बेला हरेक ठाउँमा यस्तो बहस चलेको सुनिन्छ। तर, देशको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक रूपान्तरणको चाहना बोकेका युवा के चाहन्छन् ? त्यसबारेमा भने खासै छलफल हुँदैन। यसले युवाहरु विदेश पलायन हुने परिपाटी अझ बढेको छ।

वैदेशिक रोजगारीमा जाने धेरैजसो तीनथरि युवा देखिन्छन्। एकथरि युवा सम्पन्न परिवारमा हुर्किएका हुन्। उनीहरु जमिनदार, नेता, प्रशासकका छोराछोरी हुन्। ती युवा आफ्नो पुर्ख्यौली सम्पत्ति बोकेर उच्च शिक्षाका नाममा विदेश जान्छन्। पढाइभन्दा पनि उनीहरु कसरी त्यहाँ व्यवस्थित भएर भन्ने ध्याउन्नमा हुन्छन्। अभिभावकले कमाएको रकम उतै लैजान्छन्। यस्तो पलायनलाई रोक्न राज्यले युवा होइन, विदेशी नागरिक बनाउने नेता, प्रशासकलाई अवसर र सुविधाबाट वञ्चित गर्नुपर्छ।

दोस्रोथरि धेरै युवा कमाउँदै पढ्दै गर्न विदेश पलायन हुन्छन्। उनीहरुको देखाउने काम पढ्ने भए पनि प्रमुख काम कमाउने हो। कमाउदै पढ्दै गर्छन्। काम गरेर केही जोड्छन्। आफूले स्वदेशमा भन्दा उता सुख सुविधा पाउने भएपछि उतै बस्ने प्रक्रिया थाल्छन्। मध्यमवर्गीय समुदायका यी युवाका लागि स्वदेशमै पढ्दै रोजगारी गर्दै गर्ने अवस्था हुने हो भने विदेश जान रोकिन्छन्। धेरै युवा अहिले काम गर्दै कमाउँदै गर्न चाहान्छन्। तर, नेपालमा कमाउँदै पढ्दै गर्न पाइने व्यवस्था छैन। सरकारले पढ्दै कमाउँदै गर्ने कार्यक्रम ल्याउने चर्चा धेरै गरेको छ। तर, अहिलेसम्म बताउने खालका युवाका कार्यक्रम छैनन्। सङ्घीय सरकार, प्रदेश र स्थानीय सरकार सबैले देशमा पढ्दै, कमाउँदै गर्ने व्यवस्था हो भने धेरै युवा विदेश पलायन हुनबाट रोकिनेछन्।

तेस्रोथरि युवा रोजगारीका लागि देश छाडेका हुन्छन्। उनीहरु धेरै मध्ययम र निम्न वर्गका युवा हुन्। स्वदेशमा रोजगारी नपाएर वा पाएको रोजगारीबाट परिवारको गुजारा नचल्ने भएपछि वैदेशिक रोजगारीमा गएका हुन्छन्। त्यसका लागि युवालाई रोजगारीमा जोड्नुपर्छ। औद्योगिक विकास अन्तरगत साना, मध्यम, र ठूला उद्योगहरुको स्थापना गरी रोजगारीका अवसरहरु सिर्जना गर्नुपर्छ। युवालाई बजारमा बिक्नेखालका सीपमूलक तालिम, स्वरोजगारी र उद्यमशीलताका लागि आवश्यक तालिम दिनुपर्छ। स्वदेशमै रोजगार प्रवर्द्धन गर्न सरकारी अनुदान र सहज ऋणको व्यवस्था गर्नुपर्छ।

एक उपायले मात्रै युवा स्वरोजगार बढाउन र युवाको पलायन रोकिदैन। त्यसका लागि तीनै तहका सरकारले स्थानीय स्रोत र साधनको पहिचान गर्ने जनशक्तिलाई रोजगार दिने नीति, भौगोलिक, अलौकिकपन झल्किने क्षेत्रको गरी पर्यटन व्यवसाय सञ्चालन गर्नुपर्ने हुन्छ। प्राविधिक शिक्षा बढाउने र युवाको रोजगारको समयको दर वृद्धि गर्ने हो भने केही हदसम्म धन कमाउने सपना बोकेर विदेसिन खोज्ने युवालाई नेपालमै रोक्न सकिन्छ।

धेरै युवा आफ्ना लागि आफ्नै देशमा केही नयाँ सोच र योजनासहित आफूले काम गरौं भन्ने चाहन्छन्। त्यसका लागि राज्यले श्रम बजारको मागअनुरुप सीपयुक्त श्रम शक्तिको विकास गर्नुपर्छ। बजारको मागअनुसार जनशक्ति उत्पादन र आपूर्ति गर्नुपर्छ। श्रमिक र रोजगारदाताबीच श्रम अनुसारको पारिश्रमिक दिने वातावरण बनाइदिनुपर्छ। उद्यमशीलताको विकास गर्न, श्रमिक र रोजगारदाताबीचको सम्बन्ध बढाउन एवं न्यून ज्यालाको समस्या हटाउन सरकारी अनुगमन र निरीक्षण जरुरी छ। तीन तहकै सरकारले युवाको सीप, शिक्षा र उद्यमशीलता विकासका कार्यक्रमहरुलाई प्रभावकारी बनाउन आवश्यक छ। दीर्घकालीन समाधानका रुपमा, उद्योग, कृषि, पर्यटन र सूचना प्रविधिमा युवाहरुलाई आकर्षित गर्ने खालका ठूला विकासका परियोजनाहरु शुरु गर्नु पर्छ। विदेश पलायन हुन लागेको युवालाई रोक्न उद्यमशील सीप विकास तालिम प्रदान गर्ने, सीप सिकेका युवालाई बैंक वित्तीय संस्थाबाट व्यवसायको लागि सहुलियत ब्याजमा ऋण उपलब्ध गराउने, युवालाई प्राविधिक तथा सूचना प्रविधि सम्बन्धित तालिम दिएर स्वदेशमै रोजगार सुनिश्चित गर्न सकिनेछ।

शिक्षालाई वैज्ञानिक, व्यावहारिक र सीपमूलक बनाउँदै श्रमसँग जोड्ने हो भने युवाको पढाइले बेरोजगार बन्नुपर्ने छैन। प्राविधिक शिक्षा र रोजगारीसहितका सीपमूलक कार्यक्रम ल्याउने हो भने सीपअनुसार युवाले स्वदेशमै काम पाउनेछन्। कामअनुसारको आम्दानी भए युवा पलायन रोक्न सकिनेछ। कृषि उत्पादनमा युवालाई जोड्न सकियो भने स्थानीय उत्पादनलाई व्यावसायिक र 'लेबलिङ्' एवं 'ब्रान्डिङ्' गर्न सकिने छ। यसले युवामा रोजगारीको अवसर र आत्मविश्वास बढाउन सकिनेछ।

देशको आर्थिक, सामाजिक तथा शासकीय पद्धतिको रूपान्तरणमा युवाको भूमिका ठूलो छ। यसर्थ, युवाका लागि रोजगारीमा जोड्ने शिक्षासँगै देश र समाजप्रति दायित्वबोध गराउने र श्रमप्रति सम्मान गर्ने संस्कारको विकास गर्न जरुरी छ। यसले शिक्षा र रोजगारीको खोजीमा विदेश जाने युवाको सङ्ख्या घटाउन सकिनेछ। विदेशमा सिकेको शिक्षा सीप एवं रकमलाई स्वदेशमा ल्याएर युवाहरुलाई स्वदेशमा बस्ने र स्वदेशमै भविष्य खोज्ने बनाउन सकिनेछ। युवालाई स्वदेशमै रोक्नका लागि सरकारले मात्र होइन, निजी क्षेत्र, गैरसरकारी सङ्घसस्था र समुदायको पनि सहकार्य आवश्यक छ। युवाशक्ति देशका मेरुदण्ड हुन् सरोकारवाला सबैले उनीहरुलाई स्वदेशमा सही अवसर र वातावरण प्रदान गर्नुपर्छ। युवाका नयाँ विचार र प्राविधिक ज्ञानलाई देशको विकास, राजनीति र निर्णय प्रक्रियामा लगाउन हरेक क्षेत्रमा सहभागी गराउनुपर्छ।रासस

# नागरिकमा आशा जगाउने काम गरिरहेका छौं: उपप्रधानमन्त्री सिंह




ढोरपाटन । उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले वर्तमान सरकारले नागरिक पक्षमा केन्द्रित रहँदै नागरिकमा आशा जगाउने काम गरिरहेको बताउनुभएको छ।

बुधबार बागलुङ नगरपालिकालाई 'स्थानीय शासनयुक्त बालमैत्री नगर घोषणा' सभामा मन्त्री सिंहले सरकारले नागरिकका निराशा चिर्दै हाशा जगाउने काम गरिररहेको बताउनुभयो । शिक्षा, स्वास्थ्य, रोजगार र व्यावसायिक क्षेत्रको सुधार गमा सरकार योजना बनाएर अघि बढिरहेको उहाँले उल्लेख गर्नुभयो।

स्वदेशमा सीप विकास, रोजगारीका अवसर सृजना गर्दै युवालाई स्वदेशमा बस्ने वातावरण बनाउने पक्षमा काम भइरहेको भन्दै अब देश बनेन भनेर चिन्तित हुनुपर्ने अवस्था नभएको उपप्रधानमन्त्री सिंहले बताउनुभयो । पछिल्लो समय सकारात्मकभन्दा नकारात्मक टीकाटिप्पणी बढी हुने गरेको भन्दै बाहिर हुने हल्लाको पछाडि नलाग्ने उहाँले आग्रह गर्नुभयो।

सरकारले शिक्षालाई गुणस्तरीय, व्यवहारिक र जीवनउपयोगी बनाउनका लागि काम गरिरहेको भन्दै अबको शिक्षा दक्ष जनशक्ति उत्पादन गर्ने खालको हुने मन्त्री सिंहले बताउनुभयो। लामो समय सरकारले स्थायित्व नपाउँदा धेरैमा निराशा छाएको भन्दै उहाँले वर्तमान सरकारले विकास निर्माण र जनताको आवश्यकताअनुसार काम गर्ने प्रतिबद्धता जनाउनुभयो।

उपप्रधानमन्त्री सिंहले भन्नुभयो, "केही हुँदै भएन भन्नु गलत हो, देशमा धेरै परिवर्तन भएको छ, आम नागरिकका इच्छाचाहाना असीमित छन्, त्यसलाई सरकारले क्रमैसँग समबोधन गर्दै गएको छ, देशमा कहिले कोभिडले, कहिले अन्य प्रकोपले गर्दा आर्थिक अवस्था खस्कँदो थियो, अहिले चलायमान हुँदै गएको छ। नयाँ सरकार बनेपछि जनतामा भएको निराशा पनि चिर्रिंदै गएको छ।"

सो अवसरमा मन्त्री सिंहले बागलुङ नगरपालिका-१३ मा पर्ने गणेशमान सिंह मार्ग समयमा निर्माण सम्पन्न गर्न आवश्यक बजेट व्यवस्थापन गर्ने प्रतिबद्धता जनाउनुभयो। बागलुङ नगरपालिकाले जस्तै अन्य पालिका पनि चाँडै बालमैत्री बन्नुपर्नेमा उहाँले जोड दिनुभयो।रासस

# सशस्त्र प्रहरी राष्ट्रिय गौरवको प्रतीक : गृहमन्त्री लेखक

काठमाण्डु। गृहमन्त्री रमेश लेखकले सीमाको सुरक्षा र अवैध गतिविधि रोकथाम, विपद् व्यवस्थापन र शान्ति मिसनमा सशस्त्र प्रहरीले बलले पुऱ्याएको योगदानबाट सशस्त्र प्रहरीलाई राष्ट्रिय गौरवको प्रतीकका रूपमा उभ्याएको बताउनुभएको छ।

२४औँ सशस्त्र प्रहरी दिवसका अवसरमा बुधबार हल्चोकमा आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै उहाँले बाढी, पहिरो, आगलागी, भूकम्प, दुर्घटना, महामारीजस्ता प्राकृतिक वा मानव सिर्जित विपद् उद्धारका क्षेत्रमा सशस्त्र प्रहरीले गरेका कामको नेपाल सरकारले उच्च मूल्याङ्कन गरेको बताउनुभयो।

"दङ्गा तथा गम्भीर अशान्ति नियन्त्रण होस् वा दैवी प्रकोप र महामारीबाट प्रभावित जनताको उद्धारमा सशस्त्र बलले आफ्नो भूमिका निष्ठापूर्वक निर्वाह गरेको छ", गृहमन्त्रीले भन्नुभयो, "कठिन परिस्थितिमा पनि देश र जनताको सेवामा निरन्तर खटिने र प्राप्त जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्ने यहाँहरूको भूमिका मुलुकको शान्ति र स्थिरताका लागि अत्यन्त महत्त्वपूर्ण रहेको छ।"

गृहमन्त्रीले संयुक्त राष्ट्रसङ्घको आह्वानमा शान्ति स्थापनार्थ विभिन्न मिसनमा व्यावसायिकताका साथ काम गरी नेपालको नाम उच्च बनाउने कार्यमा सशस्त्र प्रहरीको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो। उहाँले संयुक्त राष्ट्र सङ्घीय मिसनमा थप सहभागिताका लागि मन्त्रालय सकारात्मक रहेको बताउनुभयो।

सीमा तथा सीमास्तम्भको सुरक्षा, सीमापार अपराध, अवैध चोरीपैठारी, मानव बेचबिखन तथा लागू पदार्थको ओसार पसारलगायत अपराध नियन्त्रण गर्न सशस्त्र प्रहरी 'डेडिकेटेड' फौजका रूपमा रहेको उल्लेख गर्दै गृहमन्त्री लेखकले आगामी दिनमा सामाजिक कार्यमार्फत



यस्ता अपराधलाई न्यूनीकरण गर्न अग्रसर हुन आग्रह गर्नुभयो। सशस्त्र प्रहरी बलको सुदृढीकरणका लागि थप जनशक्तिको व्यवस्थासहित बोर्डर आउट पोष्ट स्थापनाको प्रयास भइरहेको उहाँको भनाइ छ।

सरकार सशस्त्र प्रहरी बलको क्षमता वृद्धि, प्रविधिको विस्तार, जनशक्ति व्यवस्थापन र सुविधाको विस्तारमा सधैँ प्रतिबद्ध रहेको जनाउँदै गृहमन्त्री लेखकले आगामी दिनमा सशस्त्र प्रहरीलाई अझ थप प्रभावकारी सङ्गठनको रूपमा विकास गर्न आवश्यक सबै पक्षलाई बलियो बनाउन सरकार प्रयत्नशील रहेको बताउनुभयो।

इमान्दारिता पूर्वक कर्तव्य निर्वाह गर्ने सन्दर्भमा आइपर्ने कुनैपनि समस्यामा सकल दर्जाको पेसागत सुरक्षाका

> "कठिन परिस्थितिमा पनि देश र जनताको सेवामा निरन्तर खटिने र प्राप्त जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्ने यहाँहरूको भूमिका मुलुकको शान्ति र स्थिरताका लागि अत्यन्त महत्वपूर्ण रहेको छ ।"

लागि नेपाल सरकार र गृह मन्त्रालय अभिभावकत्व प्रदान गर्ने विश्वास दिलाउँदै उहाँले सशस्त्र प्रहरीसम्बन्धी कानुनलाई केही दिनभित्रै संसद्मा दर्ता गरिने बताउनुभयो । सम्पुर्ण अधिकृतदेखि जवानसमेतको आवाजलाई समेटेर कानुनको तर्जुमा गरिएको जानकारी दिँदै उहाँले लामो समयदेखि सशस्त्र प्रहरी जवानहरूले उठाइरहेको १६ वर्षमा अवकाशमा जान पाउने प्रावधानलाई कानुनमा समावेश गरिएको बताउनुभयो।

मुलुकको अन्तर्राष्ट्रिय सीमालाई सुरक्षित राख्न दशगजाको सरसफाइ, अवैध संरचना र खेती हटाउने कार्यलाई समकक्षीसँग समन्वय गरेर अघि बढाइएको बताउनुभयो । उहाँले सीमा इलाकामा हुने अवैध चोरीपैठारी तथा सीमापार अपराध नियन्त्रणको कार्यलाई सङ्गठनले उच्च प्राथमिकतामा राखेको जानकारी दिनुभयो।

सबै सुरक्षा निकायसँग निकट समन्वयका साथ राज्यप्रदत्त कार्यादेशलाई कुशलतापूर्वक वहन गर्दै सरकारको निर्देशनलाई पालना गरेर सकलदर्जा परिचालित हुँदै आएको स्पष्ट पार्नुभयो।

समारोहमा गृहमन्त्री लेखकले अवकाश प्राप्त सशस्त्र प्रहरी नायब महानिरीक्षक नवराज विष्टलाई 'एपिएफ लाइफटाइम एचिभमेन्ट अवार्ड' र उत्कृष्ट कार्यसम्पादन गर्ने नं ३ गढीमाई बाहिनीका प्रहरी नायव महानिरीक्षक गणेशबहादुर ठाडामगरलाई 'उत्कृष्ट बाहिनी अवार्ड' प्रदान गर्नुभयो । त्यसअवसरमा गृहमन्त्री लेखकले सशस्त्र प्रहरी बलले प्रकाशन गरेको 'एपिएफ वर्ष पुस्तक' लोकार्पण गर्नुभएको थियो।

सो क्रममा सशस्त्र प्रहरीका खेलाडीले जुडो, उसु र तेक्वान्दो खेल प्रदर्शन गरेका थिए । त्यसअवसरमा भूकम्प, केबलकारमा अड्किएका यात्रुको उद्धार र शान्ति मिसनमा खटिँदा अपहरणमा परेका प्रहरी प्रमुखको सकुसल रिहाइ गरेको नमुना अभ्यास प्रदर्शन गरिएको थियो।

सशस्त्र प्रहरीले २४ वर्षको अवधिमा सीमासुरक्षा, आन्तरिक सुरक्षा, राजस्व, भन्सार र औद्योगिक सुरक्षा तथा विपद् व्यवस्थापनमा आफूलाई क्रियाशील बनाएको छ। सशस्त्र प्रहरीले 'नशारहित युवा देशका कर्णधार, सुरक्षित सीमा समृद्ध राष्ट्र निर्माणको आधार' नारासहित यसवर्ष लागुऔषध विरूद्धको वर्ष मनाउने निर्णय गरेको छ।

चोरी निकासी-पैठारी रोकथाममा राज्यलाई सघाएको सशस्त्र प्रहरी बलले गत आवमा रू एक अर्ब ६४ करोड छ लाख सात हजार बराबरको चोरीनिकासी नियन्त्रण गरेकामा चालु आवको छ महिनामा रू एक अर्ब पाँच करोड २९ लाख ७५ हजार बराबर राजस्व सङ्कलनमा योगदान गरेको छ। रासस

# सामाजिक सञ्जाल नियमन गर्ने विधेयक संसद्मा पेस गर्ने सरकारको निर्णय

काठमाण्डु । सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ सङ्घीय संसद्समक्ष पेस हुनेभएको छ। ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले बुधबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा यही माघ ७ गतेको मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्दै सो जानकारी दिनुभएको हो।

सञ्चार मन्त्रालयले तयार पारेको सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ सङ्घीय संसद्समक्ष पेस गर्न स्वीकृति दिएको उहाँले स्पष्ट गर्नुभयो।

यसैगरी मन्त्री गुरुङले यही माघ १८ गते शुक्रबार दिउँसो १ बजे सङ्घीय संसद् अन्तर्गत दुवै सदनको अधिवेशन आह्वान हुन राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय भएको जानकारी दिनुभयो।

अर्थमन्त्रालयसम्बद्ध समपूरक अनुदानसम्बन्धी कार्यविधि र विशेष अनुदानसम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने तथा सहलगानीसम्बन्धी कार्यविधि, २०७७, र कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ खारेज गर्ने निर्णय भएको उहाँले जानकारी दिनुभयो।

एसियाली विकास बैंकको वैकल्पिक कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि नेपालको तर्फबाट अर्थ मन्त्रालयका सहसचिव



श्रीकृष्ण नेपाललाई मनोनय गर्ने तथा सिमरा विशेष आर्थिक क्षेत्रको 'ब्लक बी' र 'ब्लक सी' लाई नेपाल सरकारले उपलब्ध गराएको जग्गामा निजी क्षेत्रबाट पूर्वाधार विकास गरेर सार्वजनिक निजी साझेदारी ९पिपिपि० मोडलमा विकास तथा सञ्चालन गर्न स्वीकृति दिने निर्णय भएको छ।

यसैगरी नेपाल खानेपानी संस्थान, बुटवल खानेपानी आयोजनाको लागि पाल्पा जिल्लाको साविक तिनाउ गापा-३ स्थित करिब ३० रोपनी जग्गा उपलब्ध गराउन तथा भारतको नयाँदिल्लीमा यही माघ १० देखि १३ सम्म हुने अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी हुन प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियालाई स्वीकृति दिने निर्णय भएको सञ्चारमन्त्री गुरुङले जानकारी दिनुभयो।

त्यस्तै, जग्गा प्राप्ति तथा अचल सम्पत्ति अधिग्रहण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुख नियुक्ति गर्न गठित सिफारिस समितिको कार्यविधि ३५ दिन थप गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको छ।

विदेशस्थित नेपाली नियोगहरुमा नयाँ स्वीकृत भएका कूटनीतिक कर्मचारीतर्फ र नयाँ स्वीकृत भएका स्थानीय कर्मचारीतर्फको पद तथा विदेशस्थित नेपाली नियोगहरुमा नयाँ स्वीकृत भएका अर्दली पदका लागि पारिश्रमिक स्वीकृत गर्ने निर्णय मन्त्रिपरिषद् बैठकले गरेको छ।

यसैगरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव अर्जुनप्रसाद पोखरेललाई राष्ट्रिय सहकारी नियमन प्राधिकरणको अध्यक्ष नियुक्ति नहुँदासम्म जिम्मेवारी तोक्ने तथा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र अन्तर्गतका निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न स्वीकृति दिने, बेपत्ता पारिएका व्यक्तिहरुको छानबिन आयोगका सचिव लोकराज पराजुलीको महान्यायाधिवक्ताको कार्यालयको नायब महान्यायाधिवक्ता पदमा र महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ता खेमराज ज्ञवालीको बेपत्ता पारिएका व्यक्तिहरुको छानबिन आयोगको सचिव पदमा सरुवा गर्ने निर्णय भएको सञ्चारमन्त्री एवं नेपाल सरकारका प्रवक्ता गुरुङले जानकारी दिनुभयो।रासस

# 'सिमेन्टमा मूल्यवृद्धिको विवाद चाँडै टुङ्गिन्छ'

काठमाण्डु। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले सिमेन्टमा मूल्यवृद्धि भएको विषयप्रति मन्त्रालयले अध्ययन गरिरहेको र यो विवाद चाँडै टुङ्गने बताउनुभएको छ।

पछिल्लो समय सिमेन्टमा ७५ प्रतिशतसम्म मूल्यवृद्धि भएको र यसले निर्माण लागत बढाएको भन्दै निर्माण व्यवसायीहरूले सार्वजनीक लेखा समितिमा उजुरी हालेका थिए । उक्त उजुरीउपर समितिले आज उद्योग मन्त्रालय, नेपाल निर्माण व्यवसायी महासङ्घ र सिमेन्ट उत्पादक सङ्घसँग छलफल गरेको छ।

समितिमा उद्योगमन्त्री भण्डारीले सिमेन्टको मूल्यवृद्धिबारे मन्त्रालय लामो समयदेखि जानकार रहेको र यस विषयमा सिमेन्ट उत्पादक, निर्माण व्यवसायी, उपभोक्ता अधिकारकर्मीसँग छलफल गरेको बताउनुभयो । सिमेन्ट उत्पादक र निर्माण व्यवसायीबीचको विवाद समाधानका लागि मन्त्रालयले सहजीकरण गरिरहेको पनि उहाँको भनाइ छ।

"मूल्यवृद्धि भएको विषयमा सरोकारवालाहरूसँग मन्त्रालयमा चार-पाँच पटक औपचारिक रूपमै छलफल भइसकेको छ । यसबारे मन्त्रालयले चाँडै उपयुक्त निर्णय गर्छ," उद्योगमन्त्री भण्डारीले




> "निर्माण व्यवसायी र सिमेन्ट उत्पादकहरूको विवाद समाधानका क्रममा मन्त्रालयले सहजीकरण गर्दा १० देखि १५ प्रतिशत मूल्य समायोजन गर्नसक्ने सहमति भएको थियो ।"

भन्नुभयो। सिमेन्टको मूल्य बढेका कारण आयोजनाहरूको निर्माण लागत बढेको भन्दै निर्माण व्यवसायीहरूले मन्त्रालय र संसदीय समितिमा उजुरी गरेका थिए।

सिमेन्ट उद्योगीहरूले भने लोडसेडिङ बढेको, कोइला र चुनढुङ्गाको मूल्य बढेको, ढुवानी लागत बढेकोलगायत कारणले मूल्य बढेको बताउँदै आएका छन् । सिमेन्टको मूल्यमा ७५ प्रतिशतसम्म वृद्धि भएको विषयमा भने सत्यता नरहेको उहाको भनाइ छ।

"सिमेन्टमा मूल्य बढेको बारे मन्त्रालयले अध्ययन गरिरहेको छ र हामी चाँडै उचित निश्कर्षमा पनि पुग्छौँ । तर ७५ प्रतिशतसम्म मूल्यवृद्धि भएको साँचो होइन," उद्योगमन्त्री भण्डारीले भन्नुभयो, "निर्माण व्यवसायी र सिमेन्ट उत्पादकहरूको विवाद समाधानका क्रममा मन्त्रालयले सहजीकरण गर्दा १० देखि १५ प्रतिशत मूल्य समायोजन गर्नसक्ने सहमति भएको थियो।"

गत आइतबार मन्त्रालयका रोहबरमा सिमेन्ट उद्योगी र निर्माण व्यवसायीले सिमेन्टको मूल्य समायोजन गर्ने सम्झौता गरेको थिए । एकाधिकार (कार्टेलिङ) र चर्को मूल्यवृद्धि नियन्त्रण गर्ने विषयमा सरकार चनाखो रहेको उद्योगमन्त्री भण्डारीको भनाइ छ।

समितिको बुधबारको बैठकमा सांसदहरूले सिमेन्टको मूल्यवृद्धिबाट उपभोक्ता बढी प्रभावित भएको भन्दै यसमा सरकारले हस्तक्षेप गर्नुपर्ने धारणा राख्नुभएको थियो। बुधबारको छलफलपछि समितिले सिमेन्टको मूल्य बढ्नुको कारण अध्ययन गरी सात दिनभित्र जवाफ पेश गर्न उद्योग मन्त्रालयलाई निर्देशन दिएको छ।रासस

# स्पेनका लागि राजदूत नेपालद्वारा ओहोदाको प्रमाणपत्र पेस

लिस्बन । स्पेनका लागि नवनियुक्त नेपाली राजदूत शनिल नेपालले यहाँको विदेश मन्त्रालयका शिष्टाचार महाशाखाका महानिर्देशक एड्रियन मार्टिन कोउस समक्ष ओहदाको प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुभएको छ।

राजदूतको जिम्मेवारी सम्हाल्न सोमबार स्पेन आइपुग्नुभएका उहाँले मङ्गलबार महानिर्देशक कोउससमक्ष ओहोदाको प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुभएको हो।

शिष्टाचार भेटका अवसरमा महानिर्देशक कोउसले राजदूत नेपाललाई बधाई दिनुका साथै स्वागत गर्नुभएको थियो। यसैबीच राजदूत नेपालले म्याड्रिडस्थित नेपाली दूतावासमा आफ्नो पदभार ग्रहण गर्नुभएको छ।

यसअघि उहाँलाई म्याड्रिडस्थित अन्तर्राष्ट्रिय विमानस्थलमा दूतावासका कार्यवाहक राजदूत यज्ञराज पौड्याल, सहचारी विपिन चन्दलगायतका कर्मचारीले स्वागत गर्नुभएको थियो।

नेपालले स्पेनसँगै माल्टाका लागि गैरआवासीय राजदूतको जिम्मेवारीसमेत ग्रहण गर्नुभएको छ । पछिल्लो समय माल्टालाई स्पेनस्थित नेपाली दूतावासलाई जिम्मेवारी तोकिएको छ।

माल्टामा नेपाली दूतावास नरहेका कारण नेपाललाई गैरआवासीय राजदूतको जिम्मेवारी दिइएको हो । राष्ट्रपति रामचन्द्र पौडेलले गत मङ्सिर २८ गते नेपाललाई स्पेनका लागि राजदूतमा नियुक्त गर्नुभएको थियो । यसअघि उहाँ पोर्चुगलका लागि राजदूत नियुक्त हुनुभएको भए पनि तत्कालीन सरकारले पोर्चुगल नआउँदै फिर्ता बोलाएको थियो । सरकारले उहाँलाई गत साउनमा स्पेनका लागि नेपाली राजदूत नियुक्त गर्न सिफारिस गरेको थियो।

कूटनीति, राजनीति, अन्तर्राष्ट्रिय मामिला, विकास र नीति निर्माणलगायतका विषयमा विज्ञका रूपमा काम गर्दै आउनुभएका नेपालले स्वदेशी तथा विदेशी सङ्घसंस्थाहरूका विभिन्न भूमिकामा रहेर काम गरिसक्नुभएको छ।रासस



## Samsi Rural Municipality
### Office of the Rural Municipal Executive
### Samsi, Mahottari

**Invitation For Bid (IFB)**

**Date of publication: - 2081/10/10 or 23th Jan, 2025**

1. Samsi Rural Municipality, Samsi invites following electronic bid from eligible Nepalese bidders under National Competitive Bidding.
2. The details of the project are as follows:

| S. N. | Contract No. | Description of work | Bid Security | Bid Document Fee | Bid/Bid Bond Validity Period | Last date of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | SRM/NCB/081-82/ CHALKIGHAT/01 | Chalkighat Nahar Canal Lining works for irrigation | NRS. 500000.00 | NRS. 3000.00 | 90 days/120 days from last date of bid submission | 23rd Feb 2025 before 12:00 noon |
| 2 | SRM/NCB/081-82/ HANDPUMP/02 | Supply and Installation of Hand Pump Works all Complete for Pure Water Supply | NRS. 875000.00 | NRS. 5000.00 | 90 days/120 days from last date of bid submission | 23rd Feb 2025 before 12:00 noon |

3. Eligible bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

# अफ्रिकी सुन खनिकको व्यथा

एएफपी

जोहानेसबर्ग । सयौँ फसेका खनिकहरूका लागि नरकको प्वाल बनेको 'स्टिलफन्टेन साफ्ट' दक्षिण अफ्रिकाका सुन निकाल्ने कम्पनीहरूले छोडेका छ हजारमध्ये एउटा मात्र हो ।

उन्नाइसौँ शताब्दीमा सुनको दौडको केन्द्रबिन्दु रहेको स्टिलफोंटिन सुनखानी खानी विशाल विटवाटरस्र्यान्ड क्षेत्रमा अवस्थित छ ।

यस क्षेत्रमा कुनै समय फस्टाउँदै गएको व्यावसायिक सुन खानी उद्योग हटेको छ तर अहिले पनि अप्रयुक्त भूमिगत ग्यालरीहरूले दक्षिणी अफ्रिकाभरिका खनिकहरूलाई आकर्षित गर्छन् ।



उनीहरूले हातका औजारहरूद्वारा भित्ताहरूबाट सुनको अन्तिम सानो टुक्राहरू स्क्रैप गर्न आफ्नो जीवनलाई जोखिममा पार्छन्।

यस्तो जोखिमपूर्ण परिस्थितिमा जीवन यापन गर्ने कागजातविहीन कामदारहरूमध्ये धेरै जिम्बाब्वे र मोजाम्बिकका छन्।

जोखिमपूर्ण परिस्थितिमा जीवन यापन गर्ने उनीहरूमध्ये केही लेसोथोका समूहहरू पनि हुन् । सन् २०१५ मा त्यहाँ करिब ३० हजार खनिक थिए ।

अफ्रिकाभरि अवैधरूपमा खानीमा काम गर्ने खनिकहरू विरलै पाइने गरेका छन् । उनीहरूले खानीमा काम गर्ने पेशालाई परम्परागत पेशा र आम्दानीको स्रोतका रूपमा लिन्छन् ।

दक्षिण अफ्रिकामा खनिकहरूको ठूलो समूहले औद्योगिकरूपमा चलाइएका खानीका खाडलहरूमा अवैध रूपमा काम गर्छन् । लाभको कमीले गर्दा ती खानी सुनसान भएपछि अवैधरूपमा खानीमा काम गर्ने समूहको वृद्धि भएको छ ।

सन् २००७ सम्म दक्षिण अफ्रिका विश्वको सबैभन्दा ठूलो सुन उत्पादक देश थियो । अमेरिकी भौगर्भिक सर्भेका अनुसार सन् २०२२ सम्ममा यो ११ औं स्थानमा झरेको थियो ।

सन् १९८० मा दक्षिण अफ्रिकाको कुल गार्हस्थ्य उत्पादनमा खानीको योगदान २१ प्रतिशत रहेको राष्ट्रिय तथ्याङ्क विभागले जनाएको छ । सन् २०२३ मा यो घटेर ६.२ प्रतिशतमा झरेको छ ।

**महिनौं जमिनमुनिको वास**

अगष्टयता प्रहरी र उद्धार सेवाहरूले जोहानेसबर्गको दक्षिणपश्चिममा रहेको स्टिलफोन्टेन नजिकैको अप्रयुक्त खानीबाट लुकेर काम गर्ने गरेका करिब दुई हजार खनिकहरूलाई बाहिर निकालेका छन्। यो अवधिमा ८७ जनाको मृत्यु भएको थियो । खाल्डोबाट निकालिएका अर्का एक जना कामदारको गत साता अस्पतालमा मृत्यु भएको थियो ।

स्टिलफोन्टेनबाट निकालिएका कमजोर, अशक्त पुरुषहरूमध्ये लगभग ६० प्रतिशत मोजाम्बिकी नागरिक थिए भने अन्य धेरै जिम्बाब्वेबाट आएका थिए।

"अधिकांश दक्षिण अफ्रिकीहरू या त रोजगार छन् वा सरकारी अनुदान पाएका छन् । उनीहरूलाई अनौपचारिक खननमा काम गर्न आवश्यक छैन," विटवाटरस्याण्ड विश्वविद्यालयका मानवशास्त्रका प्रोफेसर रोबर्ट थोर्नटनले भन्नुभयो ।

विटवाटरस्र्यान्ड बेसिनमा सुनको भण्डार अहिले यति कम भएको छ कि खनन निकै कठिन काम हो।

"प्रशोधित चट्टानमा प्रतिटन सातदेखि १५ ग्रामसम्म सुन पाइन्छ," थोर्नटनले भन्नुभयो ।

थोर्नटनले भन्नुभयो,"सामान्यतया, कुशल कला भएका खनिकहरू सामान्यतया पाक्षिकरूपमा मात्र घर फर्किन्छन् अन्यथा उनीहरू जमिनमुनि बस्ने, खाने र सुत्ने गर्छन् ।

खननका क्रममा त्रासदीपूर्ण घटना भएको स्टिलफोन्टेनको खतरनाक खानी नम्बर ११को कथा वेग्लै छ । नोभेम्बरमा पुनरुत्थान भएका एक खनिक अयान्डा नडाबेनीका अनुसार, "यो खानी २.६ किलोमिटर (१.६ माइल) गहिरो छ ।

तलका ग्यालरीहरूमा पुग्न यति गाह्रो छ कि धेरै कामदारहरू 'एक वर्षसम्म' भूमिगत रहे ।"

दक्षिण अफ्रिकी पत्रकार किमोन डे ग्रिफका अनुसार खाना र पानी 'भेन्टिलेसन साफ्ट'मार्फत पठाउँदा मात्र उनीहरूले प्राप्त गर्न सक्छन् । यसरी नै उनीहरू महिनौँ खानीभित्र बिताउँछन् ।

**सङ्गठित अपराध**

थोर्नटनले भन्नुभयो, "जब खानी मालिकहरूले आफ्नो भूमिगत अग्निपरीक्षाबाट केही सुन बटुल्न सफल हुन्छन् तर उनीहरूले आपराधिक गिरोहका कारण आफ्नो सानो कमाइ पनि गुमाउन सक्छन्।

थोर्नटनले भन्नुभयो, "अफ्रिकाको पनि गरिब राष्ट्र भनिने लेसोथोमा व्यवसायिक खनन गतिविधि छैन । गिरोहहरूले कामदारहरूबाट सुन चोर्छन्।"

जेनेभास्थित गैरसरकारी संस्था 'ग्लोबल इनिसियटिभ अगेन्स्ट ट्रान्सनेसनल अर्गनाइज्ड क्राइम (जीआई-टीओसी)' ले सन् २०२१ मा पूर्वी र दक्षिणी अफ्रिकाको अवैध सुन बजारसम्बन्धी प्रतिवेदनमा उक्त क्षेत्र 'हिंस्रक गिरोह र सामुदायिक युद्ध'बाट ग्रस्त रहेको उल्लेख गरेको छ ।

दक्षिण अफ्रिकामा सामान्यतया लगाइएको आरोपको विपरीत, अवैध उत्खनन केवल विदेशीहरूको क्षेत्र होइन ।

थोर्नटनका अनुसार इस्वातिनीसँगको पूर्वी सीमा नजिकै बार्बरटन वरिपरि एक प्रकारको स्वतन्त्र सुनको क्षेत्र रहेको छ, जहाँ खनिकहरू 'अधिकांश स्वाजी र दक्षिण अफ्रिकीहरू' छन्, विदेशीहरू होइन।

उहाँले भन्नुभयो, "उनीहरू बन्दुक र मिलिशियाले आफूलाई सुरक्षित राख्छन्।

जोखिमपूर्ण अनौपचारिक खानी क्षेत्र सञ्चालनमा रहिरहनुको एउटा प्रमुख कारण स्थापित सुन व्यापारीहरूको मिलेमतो हो ।

जीआई-टीओसीले 'आपूर्ति श्रृंखलाको पारदर्शिता र नियमनको कमी' ले 'सुन शोधन र कर छली' लाई बढावा दिएको बताएको छ।

"एकपटक सम्पत्ति शुद्धीकरण भएपछि सुन देशबाहिर, (मुख्यतया संयुक्त अरब इमिरेट्स (युएई), मा निर्यात वा तस्करी हुन्छ," प्रतिवेदनमा भनिएको छ।

# विश्वकप महिला क्रिकेटः नेपाल अष्ट्रेलियासँग पराजित



काठमाण्डु । आइसिसी महिला यु-१९ विश्वकप क्रिकेट प्रतियोगितामा नेपाल अष्ट्रेलियासँग पराजित भएको छ। मलेसियाको युकेएम वाइएसडी ओभल क्रिकेट मैदानमा बुधबार भएको समूह चरणको आफ्नो अन्तिम खेलमा नेपाल अष्ट्रेलियासँग ८३ रनले पराजित भएको हो ।

अष्ट्रेलियाले दिएको एक सय ४० रनको विजयी लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा आठ विकेट गुमाएर ५६ रनमा समेटियो । नेपालका लागि कप्तान पूजा महतोले सर्वाधिक १८ रन जोडिन् । पूजाबाहेक अन्य नेपाली खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । अष्ट्रेलियाका लागि जुलिटि मोर्टोन, लिली बासिङ्थवाइट र हसरत गिलले समान दुई/दुई विकेट लिए ।

त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको अष्ट्रेलियाले निर्धारित २० ओभरमा छ विकेट गुमाएर एक सय ३९ रनको योगफल तयार गरेको थियो ।

अष्ट्रेलियाका लागि काइम्हे ब्रेले ३४ बलमा तीन चौका र तीन छक्काको सहयोगमा ४५ रन बनाएकी हुन् ।

इलियनर लारोसाले ३९ बलमा तीन चौका प्रहार गर्दै ३१ रन बनाइन् । हसरत गिलले ३०, क्लोइ क्याथरिनले अविजित १६ र इनेस आकेओनले आठ रन बनाइन् ।

बलिङतर्फ नेपालकी कप्तान पूजा महतोले तीन विकेट लिइन् भने सीमना केसीले दुई र रिया शर्माले एक विकेट झारेकी थिइन् । विश्वकपमा नेपालको यो लगातार तेस्रो हार हो । नेपाल पहिलो खेलमा बङ्गलादेशसँग पाँच र दोस्रो खेलमा स्कटल्याण्डसँग एक विकेटले पराजित भएको थियो । यो जितसँगै अष्ट्रेलियाले समूह चरणको खेलमा अपराजित रहँदै सुपर सिक्समा छनोट भएको छ । अष्ट्रेलियाले यसअघि स्कटल्याण्डलाई नौ र बङ्गलादेशलाई दुई विकेटले पराजित गरेको थियो । रासस

# सुडानको युद्धबाट दक्षिण सुडानमा १० लाख मानिस पलायन : संयुक्त राष्ट्रसंघ

एएफपी

नैरोबी । अहिलेसम्म १० लाखभन्दा बढी मानिस सुडानको युद्धबाट छिमेकी देश दक्षिण सुडानमा भागेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ । यस तथ्याङ्कले मानवीय सङ्कटलाई चित्रण गरेको राष्ट्रसङ्घले बताएको छ ।

सन् २०२३ अप्रिलमा सुडानको सेना र प्रतिद्वन्द्वी अर्धसैनिक समूहबीच द्वन्द्व सुरु भएयता दशौँ हजारको मृत्यु भएको छ र एक करोड २० लाखभन्दा बढी मानिस विस्थापित भएका छन् ।

राष्ट्रसङ्घको नयाँ तथ्याङ्कअनुसार पछिल्लो २१ महिनामा जोडा सीमा नाकाबाट ७७ हजारभन्दा बढी मानिस भागेका छन् र अन्य स्थानबाट पनि दशौँ हजार मानिस स्वास्थ्य सेवा, पानी र आश्रय जस्ता स्रोतहरू 'खतरनाक रूपमा अत्यधिक तनावग्रस्त' भएको चेतावनी दिँदै विस्थापित मानिसहरू र उनीहरूलाई आश्रय दिने समुदायहरू दुवैका लागि थप सहयोगको आह्वान गरेको छ ।

दक्षिण सुडानको उत्तरी सिमानामा रहेको रेन्क काउन्टीमा दुई ट्रान्जिट केन्द्र पाँच हजारभन्दा कम मानिसका लागि डिजाइन गरिएको थियो तर अहिले १६ हजारभन्दा बढी मानिसलाई राखिरहेको वक्तव्यमा उल्लेख छ ।

प्रहरीका अनुसार गत हप्ता दक्षिण सुडानमा सुडानी नागरिक विरोधी प्रदर्शन लुटपाट र हिंसामा परिणत भएपछि १६ जना सुडानी नागरिक मारिएका थिए ।

सुडान विश्वको सबैभन्दा



दक्षिण सुडान प्रवेश गरेका छन् । यो पलायनले कूल सङ्ख्या १० लाख पुऱ्याएको छ ।

राष्ट्रसङ्घीय शरणार्थी निकाय युएनएचसिआरका अनुसार सीमा पार गर्ने १० लाख मानिसमध्ये अधिकांश दक्षिण सुडानी नागरिकहरू हुन् । उनीहरू विश्वको सबैभन्दा नयाँ देशमा भएको गृहयुद्धबाट पहिले नै भागेका थिए ।

"दक्षिण सुडानमा १० लाखभन्दा बढी मानिसको आगमन एउटा स्पष्ट र गम्भीर तथ्याङ्क हो र यसले वास्तवमा यो सङ्कटको बढ्दो परिमाणलाई देखाउँछ", युएनएचसिआरका साना अब्दुल्ला ओमरले भन्नुभयो, "दक्षिण सुडानका जनताले असाधारण उदारता देखाउँदै छन्, आवश्यकतामा परेकाहरूलाई स्वागत गर्दै र आफूसँग भएका सीमित स्रोतहरू बाँड्दै छन्, तर उनीहरूले यो विशाल जिम्मेवारी एक्लै बोक्न सक्दैनन् ।"

संयुक्त राष्ट्रसङ्घको संयुक्त वक्तव्यले दक्षिण सुडानमा खराब आन्तरिक विस्थापन सङ्कटबाट गुज्रिरहेको छ र देशका केही भागमा अनिकाल घोषणा गरिएको छ ।

युद्धले सुडानी सेना प्रमुख अब्देल फत्तह अल-बुरहान र उहाँका पूर्व उप-प्रमुख मोहम्मद हमदान दागलोबीच द्वन्द्व निम्त्याएको छ । दागलोले अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सेस (आरएसएफ) को कमान्ड गर्नुहुन्छ । दुवै पक्षलाई युद्ध अपराधको आरोप लागेको छ, जसमा नागरिकहरूलाई लक्षित गर्ने र आवासीय क्षेत्रहरूमा अन्धाधुन्ध गोलाबारी गर्ने समावेश छन् ।

आरएसएफलाई विशेष गरी जातीय सफाया, व्यवस्थित यौन हिंसा र सम्पूर्ण सहरमा घेराबन्दी गरेको आरोप लगाइएको छ ।

नोभेम्बरमा गरिएको एक अनुसन्धानले रोग र भोकमरीलगायत सबै कारणबाट भएका मृत्युलाई समावेश गर्दा युद्धको पहिलो १४ महिनामा ६१ हजारभन्दा बढी मानिसको मृत्यु भएको अनुमान गरेको थियो ।

# अमेरिकी विदेशमन्त्री रुबियोद्धारा एसियाली साझेदारसँग भेटवार्ता

एएफपी

वासिङ्टन । अमेरिकी विदेशमन्त्रीमार्को रुबियोले 'स्वतन्त्र र खुला इन्डो-प्यासिफिक' क्षेत्रका लागि एसियामा जापान, भारत र अस्ट्रेलियासँग मिलेर काम गर्ने बताउनुभएको छ ।

राष्ट्रपति डोनाल्ड ट्रम्पको सपथ ग्रहणको एक दिनपछि रुबियोले वासिङ्टनमा क्वाड समूहका आफ्ना समकक्षी मुलुकका कुटनीतिज्ञहरूसँगको भेटमा उक्त कुरा बताउनुभएको हो ।

रुबियो र उहाँका समकक्षीहरूले एक संयुक्त वक्तव्यमा 'स्वतन्त्र र खुला इन्डो-प्यासिफिक' क्षेत्र बनाउनका लागि काम गर्ने प्रतिवद्धता जनाएका हुन् ।

वक्तव्यमा इन्डो-प्यासिफिक क्षेत्रमा चिनियाँ आक्रामकताप्रति सङ्केत गर्दै यसको विरुद्धमा सहयोगी मुलुकहरूबीच सहकार्य हुने उल्लेख गरिएको हो ।

चारै मुलुकका कुटनीतिज्ञले विधिको शासन, लोकतान्त्रिक मूल्यमान्यता, सार्वभौमिकता



र भौगोलिक अखण्डताको सुरक्षाका लागि सहकार्य गर्ने बताएका हुन् ।

विज्ञप्तिमा भनिएको छ, "बल प्रयोगद्वारा यथास्थितिलाई परिवर्तन गर्न खोज्ने कुनै पनि एकपक्षीय कार्यको पनि हामी कडा विरोध गर्दछौं ।"

विदेशमन्त्रीहरूको भेटवार्तामा यस वर्ष भारतमा क्वाड शिखर सम्मेलन आयोजना गर्न काम गर्ने बिषयमा पनि छलफल भएको थियो ।

यसको अर्थ ट्रम्पले बढ्दो अमेरिकी साझेदारको प्रारम्भिक भ्रमणका रूपमा उक्त सम्मेलनमा सहभागिता जनाउन भारत भ्रमण गर्ने सङ्केत गरिएको छ । क्वाड समूहलाई प्रायः वासिङ्टनमा चीनविरुद्धको सुरक्षाकवचको रूपमा हेरिन्छ ।

उक्त अवसरमा विदेशमन्त्री रुबियोले प्रत्येक देशका समकक्षी मन्त्रीसँग छुट्टाछुट्टै भेटवार्ता पनि गर्नुभएको थियो ।

जापानी विदेशमन्त्री ताकेशी इवायासँग रुबियोले उत्तर कोरिया र चीनको गतिविधिबारे संयुक्त प्रयासका लागि गर्न सकिने पहलबारे छलफल गरेको अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता टमी ब्रुसले बताउनुभयो ।

# 'राइट टु प्रोटिन' दौड प्रतियोगिता आगामी शनिबार

काठमाण्डु । नेपाल भेटेरिनरी एशोसिएसनको आयोजनामा हुने राइट टु प्रोटिन दौड प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको छ ।

यही माघ १२ गते हुने उक्त दौड प्रतियोगितामा खुला महिला तथा पुरुष हाफ म्याराथन, १० किलोमिटर पुरुष, पाँच किमि महिला, कक्षा १२ सम्मका विद्यार्थीका लागि पाँच किमि (छात्र) र तीन किमी (छात्रा), फरक क्षमता भएका व्यक्तिहरुका लागि ह्विलचियर दौड (महिला तथा पुरुष) र बालबालिकाका लागि 'रन फर फन' विधा समावेश गरिएको आयोजक समितिका संयोजक डा शीतलकाजी श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँका अनुसार सबै विधामा करिब आठ हजार खेलाडीले दर्ता गरेका छन् । प्रतियोगितामा हाफ म्याराथनमा पहिलो स्थान हासिल गर्ने महिला तथा पुरुष खेलाडीले जनही रु एक लाख ५० हजार प्राप्त गर्नेछन् ।

त्यसैगरी दोस्रो स्थान हासिल गर्ने खेलाडीले रु एक लाख, तेस्रोले ७० हजार, चौथोले ५० हजार तथा पाँचौँ हुने खेलाडीले रु ३० हजार प्राप्त गर्ने आयोजकले जनाएको छ ।

१० किमी दौडमा पहिलो हुने खेलाडीले रु ५० हजार, दोस्रोले ४० हजार, तेस्रोले ३० हजार, चौथोले २० हजार र पाँचौँ हुने खेलाडीले रु १० हजार पाउनेछ । प्रतियोगिताअन्तर्गत पाँच किमी दौडमा पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौँ हुने खेलाडीले क्रमशः रु ३० हजार, २० हजार, १५ हजार, १० हजार र पाँच हजार पाउनेछन् ।




तीन किमि दौडमा पहिलो हुने खेलाडीले रु २० हजार, दोस्रोले १५ हजार, तेस्रोले १० हजार, चौथोले पाँच हजार र पाँचौँ स्थान हासिल गर्ने खेलाडीले रु दुई हजार पाँच सय पाउनेछन् ।

ह्विलचियरतर्फ प्रथम स्थान हासिल गर्ने खेलाडीले ३० हजार पाउनेछ भने दोस्रो हुने खेलाडीले रु २० हजार पाउनेछ ।

त्यसैगरी तेस्रो हुने खेलाडीले रु १५ हजार, चौथोले १० हजार र पाँचौँ हुने खेलाडीले पाँच हजार पाउनेछ । उक्त प्रतियोगिताको गत वर्षको हाफ म्याराथनअन्तर्गत महिलातर्फ सन्तोषी श्रेष्ठ र पुरुषतर्फ दिपक अधिकारीले स्वर्ण पदक जितेका थिए ।रासस

# ब्राजिलमा सन् २०२४ मा डढेलो क्षेत्रमा ७९ प्रतिशतले वृद्धि

एएफपी

रियो दि जेनेरियो । ब्राजिलमा गत वर्ष लागेको डढेलोले इटालीको सम्पूर्ण क्षेत्रभन्दा ठूलो क्षेत्र ओगटेको बुधबार सार्वजनिक भएको एक अनुगमन रिपोर्टमा उल्लेख गरिएको छ ।

सन् २०२४ मा ब्राजिलमा करिब तीन करोड आठ लाख हेक्टर (एक लाख १९ हजार वर्ग माइल) वनस्पति जलाइएको थियो, जुन सन् २०२३ को तुलनामा ७९ प्रतिशतले बढी हो।

अमेजनमा लागेको डढेलो, बाँकी विश्वका लागि महत्वपूर्ण 'कार्बन सिङ्क'का साथै जैविक विविधताको वैश्विक केन्द्र ५८ प्रतिशत क्षतिको लागि जिम्मेवार छ ।

नोभेम्बरमा अमेजनको बेलेम शहरमा संयुक्त राष्ट्र संघको कोप ३० जलवायु सम्मेलनको आयोजना गरेको ब्राजिल र राष्ट्रपति लुइज इनासियो लुला डा सिल्भाको सरकारका लागि यो आँकडाले निरुत्साहित गर्ने समाचार हो ।

सन् २०२४ को ब्राजिलको डढलोको तथ्याङ्कले सन् २०१९ यताकै जलेको क्षेत्रको सबैभन्दा ठूलो क्षेत्रलाई प्रतिनिधित्व गर्छ ।

सन् २०२३ मा २२ लाखको



तुलनामा सन् २०२४ मा करिब ८५ लाख हेक्टर वनमा डढेलो लागेको थियो र अमेजनमा पहिलो पटक घाँसे मैदानभन्दा बढी डढेलो लागेको वन धेरै भएको तथ्याङ्कले देखाएको छ ।

म्यापबायोमासका एने एलेनकरले भन्नुभयो, "यो एक भयानक सूचक हो, किनकि, एक पटक जङ्गलमा डढेलो लागेपछि जलवायु परिवर्तनले वनस्पतिलाई सुख्खा बनाउँछ भविष्यमा डढेलो लाग्ने सम्भावना बढी हुन्छ ।

तर ब्राजिलमा डढेलोको मुख्य चालक खेतालाहरू र किसानहरू हुन् जसले चरन र कृषिको लागि भूमि खाली गर्छन् । यो एक अपराध हो जुन सरकारले नियन्त्रण गर्न सङ्घर्ष गरिरहेको छ ।

लुलाले आफ्ना पूर्ववर्ती जायर बोल्सोनारोको शासनकालमा अमेजन क्षेत्रमा मानव विस्तारविरुद्ध फितलो सुरक्षा प्रदान गरेपछि अमेजनको संरक्षणलाई आफ्नो सरकारको प्राथमिकतामा राख्नुभएको छ ।

तर गत सेप्टेम्बरमा जङ्गलमा लागेको डढेलोको सामना गर्न देश शतप्रतिशत तयार नभएको बताउनुभएको थियो ।

ब्राजिलको अमेजनमा सन् २०२४ मा १७ वर्षयताकै सबैभन्दा बढी डढेलो लागेको सरकारी तथ्याङ्कले देखाएको छ ।

नेसनल इन्स्टिच्युट फर स्पेस रिसर्च (आईएनपीई) का अनुसार गत वर्ष'स्याटेलाइट इमेजिङ' बाट एक लाख ४० हजार ३२८ वटा डढेलो लागेको रेकर्ड गरिएको छ ।

यो सन् २०२३ मा भएका ९८ हजार ६३४ डढेलोको तुलनामा ४२ प्रतिशतले बढी हो र सन् २००७ मा एक लाख ८६ हजार ४६३ वटा डढेलो देखिएयताकै सबैभन्दा बढी हो ।

आईएनपीईले सन् २०२४ को अगष्टसम्मको १२ महिनाको अवधिमा यस क्षेत्रमा वन फँडानी ३० प्रतिशतभन्दा बढीले घटेको बताएको थियो ।

लगातार वन फँडानीले अमेजनलाई यस्तो बिन्दुमा पुर्‍याउनेछ जहाँ यसले अवशोषित भन्दा बढी कार्बन उत्सर्जन गर्नेछ र जलवायु परिवर्तनलाई गति दिनेछ भनी वैज्ञानिकहरुले चेतावनी दिएका छन् ।

# फर्मालिन प्रयोग भएका माछा बिक्रीमा प्रतिबन्ध

झापा । शिवसताक्षी नगरपालिकाले फर्मालिन प्रयोग भएको माछा बिक्रीमा रोक लगाएको छ ।

माछालाई धेरै दिनसम्म ताजा देखाउन मानव स्वास्थ्यका लागि हानिकारक मानिएको फर्मालिन रसायन प्रयोग गरिएको जनगुनासो बढेपछि बिक्री वितरणमा प्रतिबन्ध लगाइएको नगरपालिकाका उपप्रमुख एवं अनुगमन समितिकी संयोजक नरमाया कार्कीले जानकारी दिनुभयो ।

"स्वास्थ्यका लागि हानिकारक फर्मालिन प्रयोग गरिएको माछाको सेवनले क्यान्सर जस्तो घातक रोग लाग्न सक्ने हुँदा बिक्रीमा प्रतिबन्ध लगाइएको हो", उहाँले भन्नुभयो, "माछामा फर्मालिन माछालाई सड्न नदिन फर्मालिनको घोलमा डुबाउने गरिएको गुनासो आएको जनाउँदै उहाँले त्यसलाई रोक्न मरेका माछा बिक्रीमा कडाइ गरिएको बताउनुभयो । नगरपालिकाले हानिकारक रसायन फर्मालिन प्रयोग गरेको र मरेका माछा बिक्री भएको थाहा भएमा नगरपालिकामा तत्काल खबर गर्न सार्वजनिक सूचना जारी गरेको छ ।

पाँच वर्षअघि झापाको बिर्तामोड नगरपालिकाले फर्मालिन रसायनको प्रयोग भएका माछाको बिक्री वितरणमा रोक लगाइसकेको छ । झापामा माछापालन उत्साहजनक रहेको र स्थानीय उत्पादनले नै खपत धान्ने भएकाले भारतबाट आयातित मरेका माछाको



प्रयोग नगर्नु र मरेका माछा बिक्री वितरण नगर्नु भनेर व्यापारीलाई जानकारी गराइसकेका छौं ।"

नगरपालिकाकी प्रमुख प्रशासकीय अधिकृत सुनिता तुम्वाहाम्फेले फर्मालिन प्रयोग भएका र मरेका माछा बिक्री वितरण हुन नदिन स्थानीय बजार व्यवस्थापन समिति र स्थानीय प्रहरीसँग मिलेर नगरपालिकाले नियमित बजार अनुगमन गरिरहेको बताउनुभयो ।

भारतबाट आयातित बिक्रीमा रोक लगाउनु पर्ने उपभोक्ताले माग गर्दै आएका छन् । उपभोक्ता जागरण अभियान झापाका अध्यक्ष शालिकराम भट्टराईले फर्मालिन रसायनको प्रयोग मानव स्वास्थ्यका दृष्टिले अत्यन्त घातक भएकाले माछामा मात्र नभएर जुनसुकै खाद्यपदार्थमा यसको प्रयोगलाई निरुत्साहित गर्न आवश्यक रहेको बताउनुभयो ।रासस

# विदेशी मुद्राको विनिमयदर



काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले बुधबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ ।

निर्धारित विनिमयदरअनुसार अमेरिकी डलरको मूल्य बुधबार पनि बढेको छ ।

युरो, युके पाउन्ड स्ट्रलिङ, स्वीस फ्राङ्क, अष्ट्रेलियन डलर, जापानी येन, चिनियाँ युआन, कतारी रियाल, थाई भाट, मलेसियन रिङ्गेट, साउथ कोरियन वन, स्वीडिस क्रोनर, डेनिस क्रोनर, कुवेती दिनार, बहराइन दिनार, ओमनी रियालको मूल्य अघिल्लो दिनको तुलनामा बढेको छ । यस्तै, केही विदेशी मुद्राको भाउ भने अघिल्लो दिनको तुलनामा स्थिर छ ।

राष्ट्र बैंकका अनुसार आजका लागि अमेरिकी डलर एकको खरिददर एक सय ३८ रुपैयाँ २३ पैसा र बिक्रीदर एक सय ३८ रुपैयाँ ८३ पैसा कायम भएको छ । युरोपियन युरो एकको खरिददर एक सय ४३ रुपैयाँ ०६ पैसा र बिक्रीदर एक सय ४३ रुपैयाँ ६८ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर एक सय ६९ रुपैयाँ १५ पैसा र बिक्रीदर एक सय ६९ रुपैयाँ ८९ पैसा, स्वीस फ्राङ्क एकको खरिददर एक सय ५१ रुपैयाँ ७० पैसा र बिक्रीदर एक सय ५२ रुपैयाँ ३६ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर ८५ रुपैयाँ ९४ पैसा र बिक्रीदर ८६ रुपैयाँ ३२ पैसा, क्यानेडियन डलर एकको खरिददर ९५ रुपैयाँ ७१ पैसा र बिक्रीदर ९५ रुपैयाँ १२ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय एक रुपैयाँ ६१ पैसा र बिक्रीदर एक सय ०२ रुपैयाँ ०५ पैसा निर्धारण गरिएको छ ।

जापानी येन १० को खरिददर आठ रुपैयाँ ८६ पैसा र बिक्री दर आठ रुपैयाँ ९० पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ९८ पैसा र बिक्रीदर १९ रुपैयाँ ०६ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ८४ पैसा र बिक्रीदर ३७ रुपैयाँ, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ९१ पैसा र बिक्रीदर ३८ रुपैयाँ ०८ पैसा कायम भएको छ ।

> राष्ट्र बैंकका अनुसार आजका लागि अमेरिकी डलर एकको खरिददर एक सय ३८ रुपैयाँ २३ पैसा र बिक्रीदर एक सय ३८ रुपैयाँ ८३ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ ०५ पैसा र बिक्रीदर चार रुपैयाँ ०७ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ ६३ पैसा र बिक्रीदर ३७ रुपैयाँ ८० पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ८९ पैसा र बिक्रीदर ३१ रुपैयाँ ०२ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ५८ पैसा र बिक्रीदर नौ रुपैयाँ ६२ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ४६ पैसा र बिक्रीदर १२ रुपैयाँ ५२ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ १७ पैसा र बिक्री दर १९ रुपैयाँ २६ पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १७ रुपैयाँ ७५ पैसा र बिक्रीदर १७ रुपैयाँ ८३ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ४८ रुपैयाँ १३ पैसा र बिक्रीदर चार सय ५० रुपैयाँ ०७ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ६६ रुपैयाँ ७३ पैसा र बिक्रीदर तीन सय ६८ रुपैयाँ ३२ पैसा, ओमनी रियाल एकको खरिददर तीन सय ५९ रुपैयाँ १६ पैसा र बिक्रीदर तीन सय ६० रुपैयाँ ७१ पैसा तोकिएको छ । यस्तै, भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा निर्धारण भएको छ ।

राष्ट्र बैंकले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैङ्कले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैंकको वेवसाइटमा उपलब्ध हुने जनाइएको छ ।रासस

# जङ्गली हात्ती बस्ती पस्न थालेपछि निजीलाई एकीकृत गर्न माग



चितवन । सौराहामा पालिएका निजी हात्तीका कारण जङ्गली हात्ती बस्तीमा आउन थालेपछि निजी हात्तीलाई वन नजिक एकीकृत गरेर राख्न स्थानीयले माग गरेका छन् । स्थानीयको मागपछि हात्ती पाल्दै आएका व्यवसायीले सरकारी स्तरबाट जग्गा उपलब्ध गराइदिए आफूहरू एकीकृत रूपमा राख्न तयार रहेको बताएका छन् ।

सौराहा क्षेत्रमा अहिले मकुना नामको जङ्गली हात्ती बस्ती पसेर स्थानीयलाई दुःख दिँदै आएको छ । योसँगै रोनाल्डो नामको हात्ती पनि हात्ती प्रजनन केन्द्र हुँदै बस्तीमा आउने गरेको छ । जङ्गली हात्तीले पोथी हात्ती खोज्दै बस्ती आउने क्रम बढेपछि स्थानीयले व्यवस्थापनका लागि माग गरेका हुन् ।

स्थानीयले सामुदायिक वन, मध्यवर्ती सामुदायिक वन, निकुञ्ज वा बस्तीभन्दा पर कुनै खाली ठाउँमा सबै हात्ती एकै ठाउँमा राख्न माग गरेका हुन् । निकुञ्ज प्रशासन, स्थानीय प्रशासन, हात्ती व्यवसायी र स्थानीयले यस विषयमा छलफल थालेका छन् ।

रत्ननगर नगरपालिका-६ का वडाध्यक्ष किरण महतोले स्थानीयको मागअनुसार निकुञ्ज प्रशासनसँग छलफल भएको बताउनुभयो । सम्बन्धित वडाका अध्यक्षहरूले यस विषयमा नगरप्रमुखसँग पनि छलफल गरिरहनुभएको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यस विषयमा सरोकार भएका निकाय र स्थानीयबीच छलफल भइरहेको छ । एकीकृत रूपमा वन नजिक निजी हात्ती राखेमा जङ्गली हात्तीले कम दुःख दिने सबैको सुझाव छ ।"

सौराहामा ४५ वटा निजी हात्ती छन् । तीमध्ये ३० वटा युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाअन्तर्गत रहेका छन् । संस्थाका अध्यक्ष दीपेन्द्र खतिवडाले आफूहरू स्थानीयको मागअनुसार काम गर्न तयार रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "निजी जग्गामा राख्दा वरिपरि घर हुन्छन् । सामुदायिक वा मध्यवर्ती वन क्षेत्रका खाली ठाउँ पाए हामी एकीकृत गरेर हात्ती राख्न तयार छौं ।" सधैंका लागि एकीकृत गरेर हात्ती राख्ने ठाउँ पाए आवश्यक संरचना आफूहरूले बनाउने उहाँको भनाइ छ ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरले निकुञ्ज प्रशासन स्थानीयको मागप्रति गम्भीर रहेको बताउनुभयो । निजी हात्तीलाई एकीकृत गरेर राख्न केही समयका लागि सोर क्षेत्रमा बासस्थानको व्यवस्थापन गर्न सकिने उहाँले उल्लेख गर्नुभयो । रासस


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/१०/१० गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**तपसिल**

**क्र.सं.** **शाखा कार्यालय : बर्दिबास, महोत्तरी**

**ऋणीको नाम, ठेगाना**

१. **नाम : मन्जु पोल्ट्री फर्म**
प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरी
प्रा.फ.र.नं. ६४०६/१४१/०७५/०७६, दर्ता मिति : २०७६/०२/२६, पान नं. ६१०७६६३६५, दर्ता मिति : २०७६/०२/२७
ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ७, **प्रोप्राइटर : मन्जु कुमारी सिलवाल**

**जमानतकर्ताको विवरण**

**१. नाम : मिन बहादुर बिश्वकर्मा**
ना.प्र.नं. १८३०७३/११४९, जि.प्र.का. महोत्तरी
जारी मिति : २०६३/१०/०७
बाबुको नाम : धन बहादुर कामी
बाजेको नाम : टुक मान कामी
ठेगाना : महोत्तरी जिल्ला, किसाननगर वडा नं. ५
हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ७

**२. नाम : धन माया कमिनी**
ना.प्र.नं. ७५२४११४३, जि.प्र.का. धनुषा
जारी मिति : २०४५/०१/१०
पतिको नाम : मिन बहादुर बिश्वकर्मा
ससुराको नाम : धन बहादुर कामी
ठेगाना : धनुषा जिल्ला, पुष्पलपुर वडा नं. ७
हाल : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ७

**३. नाम : मन्जु कुमारी शिलवाल**
ना.प्र.नं. १८-१-०७३/४७, जि.प्र.का. महोत्तरी, जारी मिति : २०६५/०१/३०
बाबुको नाम : धन बहादुर कामी, बाजेको नाम : टुक मान कामी
ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. ७

**ऋणीको नाम, ठेगाना**

२. **नाम : मिथीला होम डिकोर**
नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, जनकपुर, धनुषा
दर्ता नं. १६२१९/९८८/२०७७/०७८, दर्ता मिति : २०७७/०७/२७, पान नं. ६१४३८२३०१, दर्ता मिति : २०७७/०८/१८
ठेगाना : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ७, ढल्केवर, **प्रोप्राइटर : सुरेन्द्र कुमार महतो**

**जमानतकर्ताको विवरण**

**१. नाम : सुरेन्द्र कुमार महतो**
ना.प्र.नं. १७३०८९/४०७, जि.प्र.का. धनुषा
जारी मिति : २०६३/१२/२१
बाबुको नाम : राम उदगार महतो
बाजेको नाम : मोहन महतो
ठेगाना : धनुषा जिल्ला, लक्ष्मीनिवास वडा नं. ९
हाल : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ७

**२. नाम : शुशिला देवी महतो**
ना.प्र.नं. १७३०८९/६६२, जि.प्र.का. धनुषा
जारी मिति : २०६३/१२/२२
पतिको नाम : सुरेन्द्र कुमार महतो
ससुराको नाम : राम उदगार महतो
ठेगाना : धनुषा जिल्ला, लक्ष्मीनिवास वडा नं. ९
हाल : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ७

**धितोको विवरण**

सुरेन्द्र कुमार महतोको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, भुचक्रपुर वडा नं. ८ क स्थित कित्ता नं. १३५७ को क्षेत्रफल ०-६-६-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**क्र.सं.** **शाखा कार्यालय : जनकपुर, धनुषा**

**ऋणीको नाम, ठेगाना**

१. **नाम : गुरु ड्रिकिङ्ग वाटर**
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुरधाम
दर्ता नं. ८३१८/४२/०७२/०७३, दर्ता मिति : २०७२/०४/३१, पान नं. ६०८१४५२४०, दर्ता मिति : २०७५/०४/२०
ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १४, **प्रोप्राइटर : बिक्रम मण्डल**

**जमानतकर्ताको विवरण**

**१. नाम : बिक्रम मण्डल**
ना.प्र.नं. ३९६९२५५५, जि.प्र.का. धनुषा
जारी मिति : २०५०/०९/२६, धनुसा
बाबुको नाम : रामदेव मण्डल
बाजेको नाम : कारी मण्डल
ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १६

**२. नाम : अनरीया देवी मण्डल**
ना.प्र.नं. १७/४४९०१७, जि.प्र.का. धनुषा
जारी मिति : २०४३/०९/०१
पतिको नाम : रामदेव मण्डल
ससुराको नाम : कारी मण्डल
ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १६

**३. नाम : लक्ष्मी देवी**
ना.प्र.नं. ३९६९६७०८, जि.प्र.का. धनुषा, जारी मिति : २०६१/०१/१८
पतिको नाम : विक्रम मण्डल, ससुराको नाम : रामदेव मण्डल
ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १६

**धितोको विवरण**

१. अनरीया देवी मण्डलको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर वडा नं. १६ स्थित कि.न. १२२, ५३, ५०, ३२ र ३६ को क्षेत्रफल क्रमशः १०२.६०, ५४९.८२, ६९१.९८, ५५१.१८ र १८१.५१ भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. विक्रम मण्डलको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर वडा नं. १६ स्थित कि.न. २ क्षेत्रफल ६८६.३० वर्गमिटर भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
*More than a Bank*
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np


# समितिद्वारा तरकारी र फलफूलको मूल्य निर्धारण

काठमाण्डु । कालिमाटी फलफूल तरकारी विकास समितिले बुधबारका लागि कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ ।

समितिका अनुसार प्रस्तुत तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो । बुधबार गोलभँडा ठूलो (भारतीय) प्रतिकेजी रु ७०, गोलभँडा सानो (लोकल) प्रतिकेजी रु २०, गोलभँडा सानो (तराई) प्रतिकेजी रु ३५, आलु रातो प्रतिकेजी रु ४७, आलु रातो (भारतीय) प्रतिकेजी रु ४०, प्याज सुकेको (भारतीय) प्रतिकेजी रु ७०, गाजर (लोकल) प्रतिकेजी रु ६०, गाजर (तराई) प्रतिकेजी रु ४०, बन्दा (लोकल) प्रतिकेजी रु २५, बन्दा (तराई) प्रतिकेजी रु २०, बन्दा (नरिवल) प्रतिकेजी रु १५, काउली स्थानीय प्रतिकेजी रु १५, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रु २५, काउली (तराई) प्रतिकेजी रु १५, मूला रातो प्रतिकेजी रु ३०, मूला सेतो (लोकल) प्रतिकेजी रु २५, सेतो मूला (हाइब्रिड) प्रतिकेजी रु ३०, भन्टा लाम्चो प्रतिकेजी रु ४०, भन्टा डल्लो प्रतिकेजी रु ५० कायम भएको छ ।



यसैगरी, मकै बोडी प्रतिकेजी रु ७०, मटरकोसा प्रतिकेजी रु ६०, घिउ सिमी (लोकल) प्रतिकेजी रु ७०, घिउ सिमी (हाइब्रिड) प्रतिकेजी रु ७०, घिउ सिमी (राजमा) प्रतिकेजी रु ६०, टाटे सिमी प्रतिकेजी रु ५०, तिते करेला प्रतिकेजी रु १००, लौका प्रतिकेजी रु ६०, परवर (तराई) प्रतिकेजी रु १००, फर्सी पाकेको प्रतिकेजी रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकेजी रु १५, हरियो फर्सी (डल्लो) प्रतिकेजी रु १५, सलगम प्रतिकेजी रु १००, भिण्डी प्रतिकेजी रु १२०, सखरखण्ड प्रतिकेजी ७०, बरेला प्रतिकेजी रु ४०, पिँडालु प्रतिकेजी रु ९०, स्कूस प्रतिकेजी रु ६०, रायो साग प्रतिकेजी रु १५, पालुङ्गो साग प्रतिकेजी ४०, चमसुरको साग रु ४०, तोरीको साग प्रतिकेजी रु ३०, मेथीको साग प्रतिकेजी रु ४०, प्याज हरियो प्रतिकेजी रु ४०, बकुला प्रतिकेजी रु ६०, तरुल प्रतिकेजी रु ८०, च्याउ (कन्य) प्रतिकेजी रु ९०, च्याउ (डल्ले) प्रतिकेजी रु २९० निर्धारण गरिएको छ ।

ब्रोकाउली प्रतिकेजी रु ३०, चुकुन्दर प्रतिकेजी रु ७०, रातो बन्दा प्रतिकेजी रु ६०, जिरीको साग प्रतिकेजी रु ७०, ग्याठ कोबी प्रतिकेजी रु ९०, सेलरी प्रतिकेजी रु ४००, पार्सले प्रतिकेजी रु ८००, सौफको साग प्रतिकेजी रु ८०, पुदिना प्रतिकेजी रु ४००, गान्टे मूला प्रतिकेजी रु ८०, इमली प्रतिकेजी रु १६०, तामा प्रतिकेजी रु १००, तोफु प्रतिकेजी रु १२०, गुन्द्रुक प्रतिकेजी रु ३०० तोकेको छ ।

समितिले स्याउ (झोले) प्रतिकेजी रु २६०, स्याउ (फूजी) प्रतिकेजी रु ३००, केरा (दर्जन) रु १७०, कागती प्रतिकेजी रु १६०, अनार प्रतिकेजी रु ४००, अङ्गुर (हरियो) प्रतिकेजी रु २४०, अङ्गुर (कालो) प्रतिकेजी रु ३८०, सुन्तला (नेपाली) प्रतिकेजी रु १२०, सुन्तला (भारतीय) प्रतिकेजी रु १००, काँक्रो (लोकल) प्रतिकेजी रु १२०, काक्रो (हाइब्रिड) प्रतिकेजी रु ७०, निबुवा प्रतिकेजी रु ५०, नासपाती (चाइनिज) प्रतिकेजी रु २४०, मेवा (नेपाली) प्रतिकेजी रु ५०, मेवा (भारतीय) प्रतिकेजी रु १००, अम्बा प्रतिकेजी रु १२०, लप्सी प्रतिकेजी रु ५०, स्ट्रबेरी (भुइऐसेलु) प्रतिकेजी रु ५००, किवी प्रतिकेजी रु २५०, आभोकाडो प्रतिकेजी रु २५०, अमला प्रतिकेजी रु ७० निर्धारण गरिएको छ ।

यसैगरी, अदुवा प्रतिकेजी रु १२०, खुर्सानी सुकेको प्रतिकेजी रु ४००, खुर्सानी हरियो प्रतिकेजी रु ८०, खुर्सानी हरियो (बुलेट) प्रतिकेजी रु ८०, खुर्सानी हरियो (माछे) प्रतिकेजी रु ६०, खुर्सानी हरियो (अकबरे) प्रतिकेजी रु ३००, भेडे खुर्सानी प्रतिकेजी रु ८०, लसुन हरियो प्रतिकेजी रु १००, हरियो धनिया प्रतिकेजी रु ३०, लसुन सुकेको चाइनिज प्रतिकेजी रु ३००, लसुन सुकेको नेपाली प्रतिकेजी रु ३००, छ्यापी सुकेको प्रतिकेजी रु १६०, छ्यापी हरियो प्रतिकेजी रु २५०, ताजा माछा (रहु) प्रतिकेजी रु ३५०, ताजा माछा (बचुवा) प्रतिकेजी रु २६०, ताजा माछा (छडी) प्रतिकेजी रु २६०, ताजा माछा (मुङ्ग्री) प्रतिकेजी रु ४५०, रुख टमाटर प्रतिकेजी १५०, राजा च्याउ प्रतिकेजी रु ३०० र सिताके च्याउ प्रतिकेजी रु ८०० तोकेको छ ।रासस

## पर्यटकीय गाउँ लेसपारमा एक घर एक धारा विस्तार

पर्वत । पर्वतको मोदी गाउँपालिका-४ मा रहेको प्रसिद्ध पर्यटकीय गाउँ लेसपारमा एक घर एक धारा विस्तार गरिएको छ । लामो समयदेखि खानेपानीको अभाव झेल्दै आएका उक्त गाउँका दुई सय १६ घरधुरीमा एक घर एक धारा निर्माण गरी पानी वितरण गरिएको हो ।


कादुरी एग्रिकल्चर एड एशोसियट्स ब्रिटिस गोर्खाज नेपालको सहयोगमा त्यहाँका सबै घर, सामुदायिक विद्यालय र सामुदायिक भवनमा धारा विस्तार गरिएको हो । गत जेठदेखि सबै घुरधुरीमा सहज रुपमा खानेपानी पुगेको समाजसेवी नरसिंह पुनले जानकारी दिनुभयो ।रासस

# गिद्ध संरक्षण गर्न आरामस्थल निर्माण

दमौली । निर्माणाधीन १४० मेगावाटको तनहुँ जलविद्युत् आयोजनाले प्राकृतिक कुचिकारको रुपमा चिनिने गिद्ध संरक्षणका लागि 'गिद्ध आरामस्थल' निर्माण गरेको छ ।

वन्यजन्तु संरक्षण तथा जनचेतना योजनाअन्तर्गत आयोजनाका कारण लोपोन्मुख गिद्धको बासस्थान प्रभावित हुन नदिन व्यास नगरपालिका-१० दुम्सी भतेरीस्थित गौ संरक्षण केन्द्र परिसरमा गिद्ध आरामस्थल निर्माण गरिएको आयोजनाका प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो ।

आयोजनाले उक्त केन्द्रको परिसरमा स्थानीय स्रोत र साधनको प्रयोग गरी पाँच वटा टेलिस्कोपिक खम्बा जडान गरेको छ । हरेक खम्बामा गिद्धलाई बस्नका लागि फलामको आर्म राखिएको छ । फलामको आर्मका कारण गिद्धलाई कुनै नकारात्मक असर पर्न नदिइ सुरक्षित बनाउन आर्मलाई काठले ढाकिएको छ । खम्बाको टुप्पोमा काठको ढकनी लगाइएको छ । त्यसमा गिद्ध सुरक्षित रुपमा बस्न सक्नेछन् । आहाराका लागि आउने र खाएपछि गिद्धलाई आराम गर्नका उक्त खम्बा जडान गरिएका हुन् । नगरपालिकाको



सक्रियतामा दमौली बजारभन्दा करिब छ किलोमिटर दूरीमा रहेको मादी नदी किनारमा गौ संरक्षण केन्द्र सञ्चालित छ । करिब २०० रोपनी जग्गामा सञ्चालित केन्द्रमा नगरपालिका क्षेत्रमा बेवारिसे अवस्थामा रहेका र बूढा भएका गाईगोरु ल्याउने गरिएको छ ।

गाईगोरु मरेमा त्यहीँ रहेको खाल्डोमा राखिने भएकाले आहाराका लागि गिद्ध त्यहाँ आउने गरेका छन् । शिकारी चरा समूहअन्तर्गत ठूला मांसाहारी पंक्षी गिद्धले आफैं शिकार नगरी मरेका जनावरको मासु अर्थात् सिनो मात्र खान्छन् ।

गिद्धलाई यसअघि संरक्षण केन्द्रमा असुरक्षित रुपमा आहारा लिनुपर्ने बाध्यता थियो । उक्त स्थानबाट ३३ केभी प्रसारण लाइन गएका कारण आहाराका लागि आउने र आहारापछि उड्ने गिद्ध उक्त लाइनमा ठोकिएर मर्ने गरेका थिए ।

प्रसारण लाइनमा ठोकिएर गिद्धलाई मर्न नदिन आयोजनाले मरेका गाईवस्तु फाल्ने खाल्डोको स्थान परिवर्तन गरी त्यस नजिक खम्बा जडान गरी आरामस्थल निर्माण गरेको हो । यसबाट गिद्ध संरक्षण गर्न जनचेतना अभिवृद्धि र बासस्थान संरक्षण भई गिद्ध सुरक्षित क्षेत्रका रुपमा विकास गर्न सहयोग पुग्ने भण्डारीको भनाइ छ ।

साथै आयोजनाले निर्माण गर्ने बाँधका कारण सेती नदीको प्राकृतिक बहावमा अवरोध उत्पन्न भई मुख्य रुपमा त्यहाँ पाइने रैथाने असला तथा शहर प्रजातिका माछाको जीवन जोखिमा पर्ने र त्यसको संरक्षणका लागि सेती तथा मादी नदीको सङ्गमस्थलबाट करिब ४५ किलोमिटर मादीको माथिल्लो तटीय क्षेत्रमा मत्स्य संरक्षण योजना कार्यान्वयनमा ल्याइएको छ ।रासस

# अवैध उत्खनन रोक्न वैकल्पिक बाटो बन्द

**टुडे समाचारदाता**

जनकपुरधाम । नदीजन्य पदार्थको अवैध उत्खनन रोक्न वैकल्पिक बाटोहरु बन्द गर्नका लागि धनुषा प्रहरी सक्रिय भएको छ ।

लामो समयदेखि नदीजन्य पदार्थको अवैध उत्खनन गरी ओसारपसार गर्न प्रयोग गर्दै आएको वैकल्पिक बाटोहरु जेसिबी मेसिनले खनेर बन्द गरिएको धनुषा प्रहरीले जनाएको छ ।

रातको समयमा लुकाएर नदीजन्य पदार्थको दोहन गर्न थालेपछि त्यसलाई पूर्णरुपमा बन्द गर्न चोर बाटोहरु बन्द गरिएको इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक जटाशंकर यादवले जानकारी दिए ।

नदीजन्य पदार्थको अवैध उत्खनन रोक्न प्रहरी सक्रिय रहेको बताउँदै उनले अवैध उत्खननमा प्रयोग भएका ट्रैक्टर तथा मेसिनहरु नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा पठाउने गरिएको बताए । धरपकड गरेर जरिवाना तिराए पनि अवैध दोहन बन्द नभएपछि यो उपाय अपनाएको प्रहरी निरीक्षक यादवको भनाइ छ ।



त्यस्तै इलाका प्रहरी कार्यालय भरतपुरका प्रहरी नायब निरीक्षक अशोककुमार झा र इलाका प्रहरी कार्यालय पोर्ताहाका प्रहरी नायब निरीक्षक राजन थापाले गणेशमान चारनाथ नगरपालिकाभित्र पर्ने कमला चारनाथ खोलाबाट भइरहेको अवैध उत्खनन बन्द गर्न चोर बाटो बन्द गरेका छन् । उनले ट्रैक्टर, टिपर र जेसिबी मेसिन खोलामा लैजान प्रयोग गरिएको बाटोहरुमा खाडल खनेर नदी दोहन बन्द गर्ने प्रयास गरिएको बताए ।

मिथिला नगरपालिकाका मेयर महेन्द्र महतोले र गणेशमान चारनाथ नगरपालिकाका नगर प्रमुख जितनारायण यादवले नगरक्षेत्रभित्र पर्ने खोला आन्तरिक समस्याका कारण यस वर्ष ठेक्कामा लाग्न नसकेको भए पनि अवैध उत्खनन भइरहेकाले प्रहरीको सहयोगमा सो बाटोहरु बन्द गर्न गरिएको बताए । उनले स्थानीय तहमा दर्ता नभएको, नवीकरण नगरेको र राजस्वसमेत नबुझाएका क्रसर उद्योग समेतबन्द गराएको जानकारी दिए ।

पछिल्लो केही वर्षयता धनुषाको उत्तरी क्षेत्रमा पर्ने जलाद, औरही, बडहरी, रातु र कमला नदीबाट हुने हुने गरेको गिट्टी, बालुवाको दोहन रोकथाम गर्ने स्थानीय तह र प्रहरी प्रशासनका लागि चुनौती बनेको छ । खोला किनारमा रहेको क्रसर उद्योगी तथा गाउँका केही व्यक्तिले रातिको समयमा जेसीबी, टिपर र ट्रैक्टरको प्रयोग गरेर बालुवा, गिट्टीको अवैध उत्खनन गर्ने गरेको स्थानीयवासीहरु बताउँछन् ।

# प्रजातन्त्रका सच्चा योद्धा गजेन्द्र बाबु



रामनारायण देव

स्व. गजेन्द्र नारायण सिंहको बिहीबार २०५८ साल माघ १० गते निधन भएको थियो ।सर्ब प्रथम उहां प्रति हार्दिक श्रद्धान्जली दिन चाहन्छु । उहाँ सप्तरीको प्रसिद्ध गाउ कोईलाडी मा बि,सं १९८५ साल चैत रामनवमीका दिन पिता कैलु सिंह तथा माता राधादेवी सिंहको कोखबाट भएको थियो । उहाँको श्रीमतीको नाम आनन्दी देवी थियो ।

उहाँ नेपाली कांग्रेसबाट राजनीति शुरु गर्नु भएको थियो । भारतको बनारसमा वि.सं. २००३ साल मा नेपाली राष्ट्रिय कांग्रेसको स्थापना भएपछि यसको संगठन विस्तारमा नेपालको सीमावर्ती क्षेत्र भारतको शहर बजारमा पार्टीको कैम्प स्थापना गरी जिल्ला जिल्लामा कमिटी विस्तार गरे । सप्तरीको सीमावर्ती बजार कुनौलीमा कृष्णप्रसाद भट्टराईको नेतृत्वमा कैम्प स्थापना भयो । जहाँ दर्जनौं कांग्रेसका कार्यकर्ताहरु थिए । त्यहाँ सप्तरी कांग्रेसका अध्यक्ष कुशेश्वर पाठक पनि थिए जसले आफ्नो २ विघा खेत बेचेर पार्टीको कैम्पलाई संचालनमा खर्च गरेका थिए ।

कुनौलीमा कांग्रेसको कैम्प रहेको छ भन्ने युवा गजेन्द्र नारायण सिंहलाई थाहा भयो । यो कुरा सुनेर गजेन्द्र सिंहले पिताजीलाई समेत थाहा नदिइ घोडामा चढेर कुनौली कैम्प पुगेर कृष्णप्रसाद भट्टराई सित भेटघाट क्रान्तिमा होमिने भनी प्रस्ताव राखे त्यस पछि त्यही सप्तरी कांग्रेसको अध्यक्ष कुशेश्वर पाठक सित पार्टी को सदस्यता लिए । त्यसपछि उहाँका पिताले फर्काउन जाँदा मान्नु भएन ।

त्यसपछि उहाँलाई कुशेश्वर पाठकको नेतृत्वमा किसुनजीले महेन्द्र रायलाई पनि पठाए । उहाँहरु नेपाली कांग्रेसको झण्डा बोकी राजविराज गए र बडा हाकिमको गोश्वारा अगाडि राणा शासक मुर्दावाद, प्रजातन्त्र जिन्दावादको नारा लगाउँदै बजार परिक्रमा गरे । त्यसपछि उहाँहरुलाई पक्राउ गरी जेल हाले । केही दिन पछि जेल तोडेर निस्के र पुनः कुनौली कैम्प पुगे । यसरी उहाँ राजनीति शुरु भयो । त्यसपछि उहाँ सप्तरी कांग्रेसको लामो समय सम्म सभापति हुनु भयो । २०१५ सालको पहिलो आम चुनाव मा उहाँलाई सांसदको टिकट दिएनन् जबकी उहाँ सप्तरी कांग्रेसका सभापति हुनु हुन्थ्यो । उहाँको सट्टा डा. नागेश्वर प्रसाद सिंहलाई डा. तुलसी गिरीको दबाबमा सांसदको टिकट दियो । । जबकी नागेश्वर सिंह दरभंगाबाट केही साल अघि मात्र डाक्टरी पढेर आएका थिए । उहाँ डा. तुलसी गिरी सित पढ्नु भएको थियो ।

२०१७ साल पुस १ गते राजा महेन्द्रले प्रजातन्त्रको हत्या गरेपछि केही महिना जेल बसेर छुटे पछि भारत प्रवासमा कलकता गए जहाँ नेपाली कांग्रेसका का.बा. सभापति सुवर्ण शमसेरले राजाको कदमविरुद्ध सशस्त्र क्रान्ति चलाइरहेका थिए । सुवर्णजीले उहाँलाई केन्द्रीय सदस्यमा राखे ।

गजेन्द्र बाबुले सप्तरीको सीमावर्ती कुनौली बजारको नजिकै कोशी तटबन्ध कोतल हरिपुरमा कैम्प खोले र हनुमान नगर, राजविराज जस्ता ठाउँमा हमला गरे । नेपाली युवाहरु जो कुनौली, बीरपुर हाई स्कुलमा पढ्थे तिनीहरुलाई भूतपूर्व सैनिकद्वारा सशस्त्र क्रान्तिका लागि बन्दुक चलाउन, आक्रमण गर्न र गुरिल्ला तालिम दिन्थे । त्यस तालिममा हामी प्रवासमा पढ्ने विद्यार्थी पनि थियौं ।




उहाँ २०३६ सालको जनमत संग्रह ताका राजाबाट आम माफी पाइ नेपाल फर्किनु भयो र राजविराजमा आश्रम बनाइ बस्न थाल्नु भयो । प्रत्येक साल सुवर्ण जयन्ती तथा क्रान्ति दिवस मनाउन थाल्नु भयो । त्यसपछि भद्रकाली मिश्रसित मिलेर पूर्वाञ्चल कांग्रेस गठन गर्न थाल्नु भयो । २०३८ मा रा.प.स.को चुनाव लड्नु भयो, तर पराजित हुनु भयो । पुनः २०४३ सालमा चुनाव लड्नु भयो र रा.प.स.मा जितेर माननीय रा.प.स.हुनु भयो ।

२०४० सालमा डा. हर्क गुरुंगको मधेश विरोधि प्रतिवेदन प्रति विरोध जनाउँदै नेपाल सद्भावना परिषद् खोल्नु भयो । त्यसपछि बहुदल आएपछि परिषद्लाई नेपाल सद्भावना पार्टीमा परिणत गर्नु भयो र पुर्ण रुपमा मधेशको राजननीतिमा लाग्नु भयो । तर मधेशलाई हक अधिकार दिलाउन र मूल प्रवाहमा ल्याउनु नै उद्देश्य थियो नकी अलग मधेश । एक सच्चा प्रजातन्त्रका योद्धा, सेनानी प्रति पुनः हार्दिक नमन ।

# पूर्व अध्यक्ष चौधरी लोसपामा प्रवेश

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको पिपरा गाँउपालिकाका पूर्व अध्यक्ष विक्रम चौधरी लोकतान्त्रिक समाजवादी पार्टी नेपालमा प्रवेश गरेका छन् ।

नेकपा (एमाले)का स्थानीय नेतासमेत रहेका पूर्व गाउँपालिका अध्यक्ष चौधरी बिहीबार एमाले पार्टी परित्याग गरी लोसपा नेपालमा प्रवेश गरेका छन् ।

लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरको हातबाट टिकाटालो गरी आयोजित एक कार्यक्रमबीच पिपरा गाउँपालिकाको उपनिर्वाचनबाट निर्वाचित भएका पूर्व गाउँपालिका अध्यक्ष चौधरी प्रवेश गरेका छन् ।



उनलाई अध्यक्ष ठाकुरले पार्टी प्रवेश गराउँदै स्वागत गरेका थिए ।

# विवादमा तानियो प्रदेश सडक कार्यक्रम

**टुडे समाचारदाता**

जलेश्वर । निर्धारित समयमा निर्माण सम्पन्न नहुँदै महोत्तरीको वनपथ-खयरमारा सडकखण्ड विवादमा तानिएको छ । निर्माण चरणमा रहेको बर्दिवास १० र ११ स्थित यो सडकको लम्बाइ केवल पाँच किलो मिटर छ । तथापि तिल जति सानो यो सडकलाई एकपछि अर्को विवादले समस्याको पहाड बनाएको स्थानीयको टिप्पणी गर्न थालेको छ ।

बर्दिवास नगरपालिकाका मेयर प्रहलाद क्षेत्रीले लम्बाइ सानो देखिए पनि यो खण्डले निर्माणाधीन खयरमारा-मरिनखोला-मदन भण्डारी सडकलाई पूर्वपश्चिम लोकमार्ग हुँदै भारतीय सीमासम्म जोडने भएकाले यो मार्गले व्यापारिक र रणनीतिक महत्व बोकेको जानकारी दिए ।

मेयर क्षेत्रीले भने, ''यो सडक बर्दीबासका विकट भेगको विकाशको आधारसमेत भएकाले काम चाँडो सक्न सम्वद्ध निकायमा पटक-पटक आग्रह गर्दै आएका छौं । फेरि पनि यो निर्माणमा लापरवाही देखिनु दुर्भाग्यपूर्ण हो ।''

मधेश प्रदेशको 'एक प्रदेश निर्वाचन क्षेत्र एक सडक' कार्यक्रमअन्तर्गत प्रदेश भौतिक मन्त्रालयले आर्थिक वर्ष ०७७/०७८ मै यो सडकको डिपीआर तयार गरी निर्माण प्रक्रिया सुरु गरेको थियो । पूर्वाधार विकाश कार्यालय जलेश्वरले आर्थिक वर्ष ०७८/०७९ मा पुष्पाञ्जली कंस्ट्रकसन प्रालि घट्टेकूलो ३२ ले यो सडकखण्ड 'अस्फाल्ट कंक्रिट' (उच्च स्तरको कालोपत्रे) गर्न पाँच करोड ५८ लाख ६० हजार रुपैयाँमा ठेक्का लिएको थियो । ठेक्का सर्तअनुसार २०८० पुस मसान्तमा निर्माण सम्पन्न गरी सक्नुपर्ने थियो । म्याद सकिएको वर्ष दिन बितिसक्दा आधा बाटो पनि कालोपत्रे हुन नसकेपछि विवादमा तानिएको छ ।



ठेकेदार कम्पनीकै भनाइमा यस अवधीमा ५ किलोमिटर सडकमध्ये १६०० मिटरमा मात्र कालोपत्रे हुन सकेको छ ।

पूर्वाधार विकाश कार्यालयका इन्जिनियर तथा यस सडकखण्डको साइट इन्चार्ज विजय सिंहले निर्धारित समयमा कालोपत्रे गर्न नसकेपछि प्रदेश भौतिक मन्त्रालयको निर्णयले २०८१ असार २० गतेसम्मका लागि म्याद थप गरेको थियो । थप म्याद सकिएको पनि ६ महिना भएको छ । तर सडक अधुरै छ ।

साइट इन्जिनियर सिंहले यसैबीच पूर्वाधार कार्यालयले बाँकी रहेको काम छिटो सक्न दुई पटक पत्राचार गरेको बताए ।

यता ठेकेदार कम्पनीले ०८१ असारमै म्याद सकिएकाले पुन. म्याद थप गरी काम गर्ने वातावरण मिलाई दिन लिखित आग्रह गरेको जनाएको छ । नियमानुसार एकपटक म्याद थप भइसकेकाले अर्कोपटक म्याद थप्नेबारे पूर्वाधार कार्यालयले केही गर्न नसकने सिंहले बताए ।

सो सडकको सहायक ठेकेदार जनकपुर स्थित कृष कंस्ट्रकसन प्रालिका प्रमुख अमर मण्डलले समयमै भुक्तानी नपाउदा चाहेर पनि काम अघि बढाउन नसकेको बताए ।

उनले शुरुमा एक हजार ६०० मिटर कालोपत्रे गरेपछि थप ८०० मिटरमा कालोपत्रे गर्न बेस तयार गरी प्राईम लगाउने काम पनि सकिएको बताए । सम्पन्न गरेको कामको समयमै भुक्तानी नपाउदा खर्च अभावले चाहेर पनि थप काम गर्न नसकेको उनले गुनासो गरे ।

मण्डलले भने, ''गरेको कामको समयमै भुक्तानी पाएको भए यतिबेला सम्पन्न भइ सक्थ्यो । अब काम गर्दा म्याद थपिने नथपिने अनिश्चित भएकाले अन्यौलमा परेका छौं ।''

पूर्वाधार विकास कार्यालयले जनाए अनुसार पनि ठेकेदारलाई भुक्तानी गर्न प्रदेश भौतिक मन्त्रालयले ढिला गरेको हो । तथापि दुई पटक गरी ठेकेदार कम्पनीले करिव दुई करोड ६९ लाख भुक्तानी पाइसकेको छ ।

अब यो सडक कसरी सम्पन्न गर्ने प्रदेश भौतिक मन्त्रालयको निर्णयमा भर पर्ने जनाइएको छ । यो सडक कतै बनाउदै कतै छाडदै गरेकाले पनि के गर्न खोजिएको हो ? बुझ्न नसकेको स्थानीयको भनाइ छ ।

# पोखरीमा एकजनाको शव फेला



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा एकजनाको शव पोखरीमा फेला परेको छ ।

जिल्लाको छिरेश्वरनाथ नगरपालिका-८ स्थित दिगम्बरपुर स्थित पोखरीमा बुधबार एक पुरुषको शव फेला परेको छ । दिगम्बरपुरस्थित विद्यालय नजिक रहेको पोखरी शव तैरिरहेको अवस्थामा देखिएको प्रहरीले जनाएको छ ।

स्थानीयले पोखरिमा शव तैरिरहेको देखेपछि इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा खबर गरेका थिए । खबर प्राप्त भएलगत्तै प्रहरीको टोली घटनास्थलमा पुगेर अनुसन्धान कार्य अघि बढाएको जनाइएको छ ।

इलाका प्रहरी कार्यालय महेन्द्रनगरले शवको पहिचान तथा घटनाको कारणबारे अनुसन्धान भइरहेको जनाएको छ । प्रारम्भिक अनुसन्धानपछि शवलाई परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुरमा पठाइएको धनुषा प्रहरीले जनाएको छ ।

## अनलाइन ठगी हुनबाट बचौं

- अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ,
- अपरिचित व्यक्तिलाई आफ्नो इमेल वा अन्यको पासवर्ड, बैंकको युजर जस्ता संवेदनशील सूचना नदिऔं,
- बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,
- आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,
- अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइबर ब्युरोमा उजुरी वा जानकारी गराऔं,
- अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,
- अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# नक्कली पेस्तोल देखाउँदै पैसा असुल्ने भारतीय पक्राउ



**टुडे समाचारदाता**

रौतहट । रौतहटको ईशनाथ नगरपालिकास्थित सीमावर्ती इलाकामा नक्कली पेस्तोल देखाएर सर्वसाधारणसित पैसा असुलेको आरोपमा एक भारतीयलाई प्रहरीले पक्राउ गरेको छ ।

सोमबार राति पक्राउ परेका भारतीयलाई नागरिकलाई रौतहट प्रहरीले बुधबार सार्वजनिक गरेको छ । भारत बिहार मोतीहारी जिल्ला खड्डुही ग्राम पञ्चायत-४ का अब्दुल कलामले नक्कली पेस्तोल देखाएर सिमावर्ती गाउँका स्थानीयलाई ठगेको हुनाले पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय गौरका सहप्रवक्ता एवं प्रहरी निरीक्षक रामकुमार महतोले जानकारी दिएका छन् ।

भारतीय सीमासँग जोडिएको ईशनाथ-४ स्थित मठीयागाउँ छेउमा भारतीय नागरिक कलामले सोमबार राति नक्कली खेलौना पेस्तोल देखाएर सर्वसाधारणसँग पैसा मागिरहेको सूचनाको आधारमा प्रहरी चौकी मठीयाले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# सुन्दरपुरका बाढीपीडितलाई राहत

**टुडे समाचारदाता**

लहान । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट प्राप्त राहत लहान नगरपालिकाले इस्लामपुर र सुन्दरपुरका बाढीपीडितहरुलाई वितरण गरेको छ ।

गत असोज १० देखि १३ गतेसम्मको अविरल वर्षाले बलान नदीको किनारामा रहेको इस्लामपुर र सुन्दपुरका ६० घरमा बाढी पसेको थियो । पीडितहरुको समस्या बुझ्न मधेश प्रदेशका गृह सञ्चार तथा कानुन मन्त्री राजकुमार लेखीलगायत सरकारी निकायहरु र मानव अधिकारवादी संघसंस्थाहरुले बाढीग्रस्त क्षेत्रमा अवलोकन गरेका थिए ।

पीडित परिवारहरुलाई लहान -४ का वडाध्यक्ष रामनाथ पण्डित, मानव अधिकारवादी राजकुमार राउत, प्रमुख जिल्ला अधिकारी बासुदेव दाहाल, जिल्ला प्रहरी प्रमुख रमेश पण्डित र नेपाल पत्रकार महासंघ सिरहा शाखाका अध्यक्ष मनोजकुमार बनैताको उपस्थितिमा लहान नगरपालिका प्रमुख महेशप्रसाद चौधरीले एक कार्यक्रमकाबीच राहत वितरण गरे ।



राहत सामग्री वितरण गर्दै लहान नगरप्रमुख चौधरीले भने, ''राहत संघीय सरकारबाट राहत आए लगतै वितरण गरेका छौं । बाढीको समयमा पाएको पीडा शितलहरमा राहत मिलोस् भन्ने उद्देश्यले राहत आएलगतै वितरण गरेका छौं । नागरिकता भएकै परिवारलाई राहत उपलब्ध गराएका हौं । नागरिकता नभएका परिवारहरुको हकमा लहान नगरपालिकाबाट थप सहयोग गर्ने छौं ।''

राहत पाएका इस्लामपुर र सुन्दरपुरका स्थानीयहरु खुसी हुँदै बलान नदी कटानबाट बस्ती जोगाइ दिनका लागि ठोस पहल गरिदिन ध्यान आकर्षण गराइएको थियो ।

यता मधेश प्रदेश सरकारलाई बलान नदी कटान क्षेत्रको समस्या समाधान गर्नका लागि मधेश प्रदेश सभामा र संघीय सदनमा आवाज उठाएपछि लहान-२३ मा गत वर्ष एक करोड ४० लाखको तटबन्ध निर्माण कार्य भएको प्रदेशसभा सदस्य राजकुमार गुप्ताले बताए । सिरहा-१ का संघीय सांसद राम शंकर यादवका अनुसार बलान नदी कटान नियणत्रणका लागि यस वर्ष संघीय सरकारबाट तीन करोड बजेट निकासा भएको भन्दै थप बजेटका लागि निरन्तर प्रयासरत रहेको बताए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८